नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

नेपाल र चीन प्राचीन ज्ञानका भूमिः प्रधानमन्त्री

समाचार पृष्ठ ५ मा



वर्ष ३ | अंक २६ | २०८१ साल मंसिर २० गते बिहीबार | Thursday 05, December 2024 | सूर्योदयः बिहान ६:४० बजे | सूर्यास्तः साँझ ५:१२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

### विवाहपञ्चमी महामहोत्सवः

## धूमधामका साथ तिलकोत्सव सम्पन्न



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

जनकपुरधाममा चलिरहेको साताव्यापी रामजानकी विवाह महोत्सवको चौथो दिन बुधबार तिल्कोत्सव भएको छ ।

बुधबार दिउँसो २:३० बजे जानकी मन्दिरबाट १५१ तौल (सीसा) जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णवसहित वाद्ययन्त्र लिएर शहरका विभिन्न भाग हुँदै राममन्दिर पुगेका थिए, राम युवा समितिका अध्यक्ष सरोजकुमार साह, पूर्वअध्यक्ष प्रमोदकुमार साह, कुमार साह, परमेश्वर साहलगायत समितिका पदाधिकारीले जानकी मन्दिरका उत्तराधिकारी तथा वडा नम्बर १० वडाका अध्यक्ष महन्त रामरोशनदास वैष्णवलाई माला लगाएर स्वागत गरेका थिए । राममन्दिरका महन्त राम गिरी, महावीर युवा समितिका अध्यक्ष अजयकुमार गुप्तालगायतका कार्यकारिणी सदस्य तथा गुठी संस्थानका पदाधिकारीले स्वागत गरेका थिए ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवले जनकको भूमिका निर्वाह गरेका थिए भने दशरथको भूमिका राम मन्दिरका राम गिरीले निभाएका थिए । लक्ष्मण, भरत, शत्रुघ्न उपस्थित थिए । मञ्चमा विश्वामित्र, वशिष्ठ पनि उपस्थित थिए । बिहीबार पाँचौँ दिन मटकोर तथा पूजा कार्यक्रम मनाइनेछ । मुख्य दिन पर्सि जनकपुरकै राममन्दिरबाट भगवान रामको डोला र जानकी मन्दिरबाट निस्केका जानकीको डोला रङ्गभूमि मैदान पुऱ्याइने छ । त्यहाँ स्वयम्वर तथा सीतारामको विवाह हुनेछ । रामसीता विवाह सम्पन्न भएपछि २२ गते रामकलेवा गरी जन्ती एवम् साधुसन्तलाई बिदाइ गर्दै विधिवत् रूपमा विवाह पञ्चमी महोत्सव समापन हुनेछ ।

यसैबीच मधेश प्रदेश सरकारले जनकपुरधाममा हुन लागेको विवाहपञ्चमी महोत्सवलाई व्यवस्थित र भव्य बनाउन आवास व्यवस्था गरेको छ । रामजानकी विवाह हुने दिन पर्सि शुक्रबार जनकपुरधाममा लाखौँको संख्यामा मेला भर्न आउने श्रद्धालु भक्तजन तथा साधुसन्तका लागि उचित तथा पर्याप्त सुविधा उपलब्ध गराउने गरी प्रदेश सरकारले शहरका विभिन्न ठाउँमा अस्थायी आवासलगायत संरचना बनाइएको छ ।

यसैबीच, सीताराम विवाहपञ्चमी महोत्सवका अवसरमा जनकपुरधाम नगर क्षेत्रमा बुधबारदेखि मासु, माछा तथा मदिरा बिक्री वितरणमा रोक लगाइएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले सूचना प्रकाशित गर्दै शुक्रबारसम्म माछा, मासु तथा मदिरा बिक्री वितरणमा रोक लगाइएको हो । कार्यालयद्वारा जारी सूचनामा बुधबार राति १२ बजेदेखि मङ्सिर २२ गते राति १२ बजेसम्म जनकपुर नगरक्षेत्रमा मासु, माछा तथा मदिरा बिक्री वितरण नगर्न र नगराउन आदेश जारी गरिएको छ । जनकपुरधाम उपमहानगरपालिका परिक्रमा क्षेत्रभित्र तथा परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, पशुपक्षी काटमार, माछा बिक्री वितरण तथा उत्पादनलगायत अन्य नशालु पदार्थको सेवन नगर्न र नगराउन अनुरोध गर्दै ती वस्तु पूर्णरूपमा निषेध गरिएको सूचनामार्फत जनाइएको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी राजुराम कडरियाको अध्यक्षतामा बसेको बैठकले निर्णय गरी सूचना जारी गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

## रविका लागि कोठा रंगरोगन खाटको खोजी



**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको सानो पाइला सहकारी ठगीको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछाने र छविलाल बन्जाडे जोशीसहित १४ जनाविरुद्ध पर्सामा पक्राउ पूर्जी जारी भएको छ । यो रविविरुद्ध पक्राउ पूर्जी जारी भएको पाँचौँ जिल्ला हो । उनीविरुद्ध पर्सामा पक्राउ पूर्जी जारी भइरहँदा उनी आफैँ दुईपटक सांसद जितेको जिल्ला चितवनस्थित प्रहरी कार्यालयमा बयान दिँदै थिए । यसअघि उनी कास्की, रुपन्देही र काठमाडौमा बयान दिइसकेका आरोपी हुन् । पाँचौँ जिल्ला पर्सा परेको छ ।

सानो पाइला सहकारीको रकम गोर्खा मिडियामा ल्याएर अपचलन गरेको आरोपमा उनीहरुविरुद्ध अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय पर्साले अदालतबाट पक्राउको अनुमति लिएको हो । जिबी भनिने गितेन्द्रबाबु राई र यी तीनजनासमेतको संलग्नतामा ठगी भएको यो पाँचौँ सहकारी हो । यसअघि बुटवलको सुप्रिम, पोखराको सूर्यदर्शन, काठमाडौको स्वर्णलक्ष्मी र चितवनको सहारा सहकारीको ठगी आरोपमा पनि अनुसन्धान भइरहेको छ । सानो पाइलाको ८ करोड रुपैयाँ लामिछाने प्रबन्ध निर्देशक हुँदा ग्यालेक्सी टिभीमा पुगेको पाइएपछि लामिछाने पर्सामा पनि आरोपी करार भएका हुन् । कास्की प्रहरीले पटकपटक म्याथ थप्दै अनुसन्धान जारी राखेका लामिछाने कात्तिक २ गतेदेखि प्रहरी हिरासतमा छन् । उनी पोखरा, बुटवल र चितवनमा पूरक जाहेरीपछि अनुसन्धानको दायरामा छन् । उनीविरुद्ध काठमाडौमा पनि अनुसन्धान चलिरहेको छ । अब पर्सामा पनि दोस्रो चरणको अनुसन्धान अगाडि बढ्ने भएको छ । जिबीविरुद्ध यसअघि नै मुद्दा दर्ता भएकाले उनी फरार छन् ।

**कोठा सरसफाइ**

वीरगंजमा रवि लामिछानेलाई बयानका लागि ल्याइने भएपछि जिल्ला प्रहरी कार्यालयले भिआइपी आरोपीलाई राख्न कोठा सरसफाइ गरेको छ । रंगरोगन गरेर लामिछानेका लागि छुट्टै खाट पनि व्यवस्था गरिएको छ । प्रहरीले यो कुरा बाहिर नल्याए पनि लामिछानेका लागि जिल्ला प्रहरी कार्यालयभित्र अरु आरोपीलाई भन्दा केही फरक व्यवस्थाको तयारी भएको छ । प्रहरीको यो तयारीपछि लामिछाने पर्सा आएपछि कम्तीमा दुई दिन बयानका लागि बस्ने अनुमान गरिएको छ । एकैदिन बयान सकिने भए प्रहरीले यस्तो तयारी गर्थेन । लामिछानेको पर्सा बसाइ कम्तीमा दुई दिन हुने र बढ्न पनि सक्ने अनुमान गरिएको छ ।

यता, पर्सामा पक्राउ पुर्जी जारी भएर बिहीबार लामिछानेलाई चितवनबाट वीरगंज ल्याउने भनिए पनि म्यादका कारण तलमाथि हुनसक्ने बताइएको छ । बिहीबार ल्याएर बयान लम्बिए आइतबार लामिछानेलाई पोखरामा म्याद थप्नु पर्ने भएकाले कास्की लगेर म्याद थपेपछि वीरगंज ल्याइन पनि सक्ने देखिएको छ । आइतबार लामिछानेका लागि थपिएको म्याद सकिने भएकाले चितवनबाट पोखरा लगेर म्याद थपेर ल्याउने या वीरगंजमा बयान सकेर म्याद थप्न लैजाने भन्नेमा प्रहरी अधिकारीहरुबीच परामर्श भइरहेको छ । सम्भवतः आइतबार म्याद थपेर नै उनलाई वीरगंज ल्याउन उचित हुने निष्कर्षमा प्रहरी पुगेको छ ।

## जानकी मन्दिरमा १०८ फिट चुनरी



विवाहपञ्चमी महोत्सवका अवसरमा सीताराम गौशाला जनकपुरधामले बुधबार जानकी मातालाई १ सय ८ फिट अग्लो चुनरी अर्पण गरेको छ । मनोज रुङ्टाको नेतृत्वमा १ सय ८ फिट चुनरीसहित नगर परिक्रमा गरिएको थियो ।

त्यसपछि चुनरी जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णवलाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा सांसद जुली महतो, समाजसेवी तथा उद्योगपति ओम सर्राफ, विश्व हिन्दू परिषद्का उपाध्यक्ष रघुनाथ प्रसाद साह, महासचिव जितेन्द्र सिंह, मारवाड़ी सेवा समिति जनकपुरधामका अध्यक्ष निर्मल चौधरी, वन पैदावार धनुषा जिल्लाका अध्यक्ष रामशंकर महासेठ, राष्ट्रिय वैश्य महासभाका सचिव रामउद्गार महासेठ, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष डा. भण्डारी, शिवशंकर साह हीरा, पवन ठाकुरलगायतको उपस्थिति थियो ।

## अयोध्याका मेयर र रायलाई स्वागत



रामजन्मभूमि तीर्थक्षेत्रका महासचिव चम्पत राय र अयोध्याका मेयर गिरीशमणि त्रिपाठी सहितका आगन्तुक बुधबार स्थलमार्गबाट जनकपुरधाम आइपुगेका छन् ।

भिठ्ठामोड नाकाबाट विश्व हिन्दू परिषद् नेपालका उपाध्यक्ष रघुनाथ प्रसाद साह, संविधानसभा सदस्य दिनेश साह, उद्योगी तथा समाजसेवी ओम सर्राफ, पवन ठाकुरलगायतका व्यक्तित्व जनकपुरधाम आएका हुन् । लादो बेलामा जनकपुरधामका नगर प्रमुख मनोजकुमार साह, वडा नम्बर २३ का अध्यक्ष राघवेन्द्र साह, नगरपालिकाका कार्यकारी अधिकृत, कार्यपालिका सदस्य फूलकुमारी, प्रा. सुरेश साहलगायतले उनीहरुलाई माला लगाएर स्वागत गरे ।

## गढीमाईमा गृहमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**

गृहमन्त्री रमेश लेखकले गढीमाईको दर्शन गरेका छन् । बाराको महागाढीमाई नगरपालिकाको बरियारपुर पुगेर गृहमन्त्री लेखकले गढीमाई दर्शन गर्नुका साथै मेला अवलोकन तथा निरीक्षण गरेका हुन् । गृहमन्त्री लेखकले गढीमाई मन्दिरका पुजारीको हातबाट टिका र प्रसादसमेत ग्रहण गरे ।

विश्वप्रसिद्ध गढीमाई मेलाले नेपाललाई अन्तर्राष्ट्रियस्तर एउटै ठूलो पहिचान दिएकाले गढीमाई मन्दिर संरक्षणलगायत मेला सभ्य र भव्य बनाउन सरकार प्रतिबद्ध रहेको गृहमन्त्री लेखकले बताए । गढीमाई मेला व्यवस्थित बनाउन आफूले सुरक्षाको दृष्टिकोणले कुनै पनि कसर बाँकी नरहने गरी प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिइएको उनले बताए । गढीमाई मेला पाँचवर्षमा एकपटक लाग्ने भएकाले मेलामा दर्शनार्थीको चाप बढी हुने गरेकाले सुरक्षामा कुनै कसर बाँकी नराख्न र आवश्यक परे थप सुरक्षाकर्मी मेलामा खटाइने गृहमन्त्री लेखकले बताए ।

यता, महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र प्रसाद यादवले गृहमन्त्रीले गढीमाई मेलाको अवलोकन गरेर सुरक्षा व्यवस्थापनबारे जानकारी लिएको बताए ।

गृहमन्त्रीले सुरक्षा व्यवस्थापनमा गृह मन्त्रालयले कुनै कमी बाँकी नरहने प्रतिबद्धतासमेत गरेको बताए । विश्वप्रसिद्ध गढीमाई मेलामा अहिले दर्शनार्थीको चाप बढेको छ । मंसिर १ गतेदेखि शुरु भएको गढीमाई मेला मंसिर ३० गतेसम्म चल्ने छ ।

गढीमाई दर्शन गर्न आएका गृहमन्त्री लेखकलाई गढीमाई मेला मूल व्यवस्थापन समितिले भव्य स्वागत गरेको थियो ।



# माउस, माछ आ दारू बिक्रीवितरणमे रोक

**जनकपुरधाम ।**
सीताराम विआहपञ्चमी महोत्सवक अवसरमे जनकपुरधाम नगरक्षेत्रमे आइसँ माउस, माछ तथा दारू बिक्री वितरणमे प्रतिबन्ध कएल गेल अइछ । जिला प्रशासन कार्यालय धनुषा एक सूचना प्रकाशित करैत आइसँ तीन दिनधैर राइत १२ बजेसँ अगहन २२ गते राइत १२ बजेधैर माछ, माउस तथा दारू बिक्री वितरणमे रोक लगाएल गेल जानकारी देलक। जनकपुरधाम उपमहानगरपालिकाक परिक्रमा क्षेत्रभितर तथा परिक्रमा सड़कके अगलबगल दारू बिक्री वितरण, पशुपक्षी काटमार, माछ बिक्रीवितरण तथा उत्पादनलगायत अन्य मादक पदार्थक सेवन नै करबाक लेल अनुरोध करैत निषेध कएल गेल सूचनामार्फत जनौलक अइछ ।

जनकपुर नगरदर्शनसँ शुरू भेल विआहपञ्चमी महोत्सव रामकलेवा भेलाक बाद अगहन २२ गते सम्पन्न हएत ।

**गढीमाई मेलाक लेल अगहन २३ गते छुटी**

मधेश प्रदेश सरकार गढीमाई मेला भव्यतापूर्वक मनेबाक लेल इएह अगहन २३ गते रैवदिन प्रदेशमे सार्वजनिक बिदा देबाक निर्णय केलक अइछ । मधेश प्रदेश सरकारक मन्त्रिपरिषद् बैसार अगहन २३ गते प्रदेशमे सार्वजनिक बिदा देबाक निर्णय कएल मुख्यमन्त्री सतिशकुमार सिंहक प्रेस सल्लाहकार अनिलकुमार कर्ण जानकारी देलैन ।

# रास्वपा कार्यकर्ता आ प्रहरीबीच झड़प

## प्रहरी आ प्रदर्शनकारी घायल



**चितवन ।**
चितवनमे राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) के कार्यकर्ता आ प्रहरीबीच झड़प भेल अइछ । रास्वपा सभापति रवि लामिछानेके रिहाइक मांग करैत प्रदर्शन क रहल ओइ पार्टीके कार्यकर्ता आ प्रहरीबीच झड़प भेल अइछ । झड़पमे आठ प्रहरी घायल भेल छैथ ।

जिला प्रहरी कार्यालयक प्रहरी उपरीक्षक गौतम मिश्रक अनुसार प्रदर्शनकारी सरकारी वकिलके कार्यालय जाएबला रस्ता अवरुद्ध क रहलासँ झड़प भेल अइछ । प्रदर्शनकारी पत्थर फेकए लागल, तकरा रोकैलेल अश्रुग्यास आ पाइनके छिटा प्रयोग करए पड़ल ओ बतौलैन । घायल प्रहरीके भरतपुर अस्पतालमे इलाज भ रहल अइछ ।

'प्रहरी बल प्रयोग नै केलक । प्रदर्शनकारी पत्थर मारलाक बाद प्रहरी घायल भेल,' प्रहरी उपरीक्षक मिश्र कहलैन । जिला प्रहरी कार्यालय अगाडी सभापति लामिछानेके रिहाइके मांग करैत प्रदर्शनकारी निषेधित क्षेत्र पार केलाक प्रदर्शनकारीके रोकै लेल झड़प भेल ओ जानकारी देलैन । प्रदर्शनकारीदिस १६ गोटे घायल भेल रास्वपा चितवनक सभापति कृष्ण भुषाल जानकारी देलैन । घायलके भरतपुर सामुदायिक अस्पताल, नारायणी सामुदायिक अस्पताल, देव अस्पताल लगायतका अस्पतालमे इलाज भ रहल ओ बतौलैन ।

रास्वपा सभापति लामिछानेके बयान सरकारी वकिलक कार्यालयमे चइल रहल अइछ ।

अइठाँमक साहारा सहकारीक बचतकर्ताके टका अपचलन कएल आरोपमे प्रहरी हुनका बयानक लेल मङ्गलदिन काठमाण्डूसँ चितवन आनल गेल छल । साहारा सहकारीसँ रु १० करोड़ ८० लाख गोर्खा मिडियामे गेल आरोप लागलापर बयानक लेल चितवन आनल गेल अइछ ।




# नेपाल आ चीन प्राचीन ज्ञानक भूमिः प्रधानमन्त्री



**चीन ।**
प्रधानमन्त्री केपी शर्मा ओली नेपाल आ चीन प्राचीन ज्ञानक भूमि रहल बतौलैन अइछ । चीनक औपचारिक भ्रमणमे रहल प्रधानमन्त्री ओली आइ पेकिङ विश्वविद्यालयमे आयोजित समारोहकेँ सम्बोधन करैत एहि क्षेत्रक महान् दार्शनिक आ ऋषिक उपदेशसभ कतेको पिढीकेँ प्रेरणा प्रदान कएल उल्लेख केलैन ।

'विश्वके एहि भागमे बहुते महान् सभ्यतासभके विकाश भेल छल, से सभ्यतासभके महत्व अपन समाजक मजबुत आधार छी,' ओ कहलैन, 'ओ सभ्यतासभ एखनो हमरासभके आधुनिक यात्रामे गुइंञ्ज रहल अइछ ।'

प्रधानमन्त्री ओली हम युवा अवस्थामे पेकिङ विश्वविद्यालयबारे पढ़ने रही स्मरण केलैन । सन् १९१९ मे विश्वविद्यालयमे साम्राज्यवाद आ सामन्तवाद विरोधी चारिम आन्दोलन शुरू भेल कहैत ओ उक्त आन्दोलन आधुनिक चीनक इतिहासमे महत्वपूर्ण मोड़ रहल, कहलैन ।

ओ लोकतन्त्र आ जनताक खुशीक लेल अपन खोज कठिनाइ आ अवरोधक सामना करैत काल हम आओर मजबुत बनलौँ बतौलैन । ओ अपन पूर्वजके केवल चिन्तक मात्रे नै आविष्कारक आ दूरदर्शीसेहो भेल उल्लेख करैत हुनकासभक योगदान एसिया मात्रे नै संसारक लेल सेहो एक धरोहर भेल बतौलैन । 'हमरासभ अशान्ति आ चुनौतीसभ भोगने छी । हमरासभ अन्धकारपूर्ण चरण सेहो देखने छी । लोककेँ अभाव आ अत्याचारके सिकार होइत देखैत आएल छी,' ओ कहलैन, 'अइ बादो आशा आ ज्ञानक किरण आ नवप्रवर्तनक प्रकाश अइ क्षेत्रमे कहियो नाश नै भेल । आइ एसियाक उत्थान आ पुनरुत्थान एहि सभ्यताक आधारमे आधारित छै ।'

आइ विश्वक कतेको देश लोकतन्त्र आ लोकतान्त्रिक व्यवस्थाक पुनःस्थापनाक बात क रहल छैथ, मुदा बहुत विकसित राष्ट्रसभमे एखनो लोकसभ लोकतन्त्रक लेल संघर्ष क रहल अवस्था रहल हुनक कहब छल । 'लोकतन्त्र केवल एक राजनीतिक संरचना मात्रे नै, एक सामाजिक प्रणाली सेहो छी,' ओ कहलैन, 'एहन प्रणाली जकर प्रत्येक व्यक्तिक सम्मानक रक्षा करैछै, असीम सम्भावनाक भावना प्रेरित करैछै आ सबहक लेल सुरक्षा आ सुरक्षाक वातावरण प्रवद्र्धन करैछै ।'

प्रधानमन्त्री ओली नेपालक राजनीतिक रूपान्तरणक यात्रा विश्व इतिहासमे एक अद्वितीय मोडलके रूपमे भेल उल्लेख केलैन । संसारक बहुते राजनीतिक सङ्घर्ष प्रायः एकल वर्गके प्रतिनिधिसभ नेतृत्व केलैथ, सेहो नेपालक आन्दोलन सामूहिक प्रयत्नमार्फत सफल भेल हुनक कहब छल ।

मार्क्सवाद दर्शनसँ प्रेरित आ जननेता मदन भण्डारीक दूरदर्शी नेतृत्वमे नेपाल कम्युनिष्ट पार्टी (एमाले) जनताक बहुदलीय लोकतन्त्रके सिद्धान्तक विकाश कएल ओ बतौलैन ।

प्रधानमन्त्री ओली चिनियाँ राष्ट्रपति सी चिनफिङ्क जनताके लोकतान्त्रिक दृष्टिकोण चीनके ऐतिहासिक परम्परा, संस्कृति, आ सामाजिक–आर्थिक विकाशक आधार भेल बतौलैन । ओ नेपालक संविधान समाजवाद उन्मुख रहल जानकारी कराबैत अपन आवश्यकता आ आकाङ्क्षासङ उपयुक्त समाजवादक मोडेलक मजबुत आधार स्थापनाके लेल हमसभ अगाडि बढ़ रहल उल्लेख केलैन । 'समाजवादकेँ अपन देशक आकाङ्क्षामे समेटबाक लेल 'समृद्ध नेपाल, खुशी नेपाली'क नाराक साथ हमरासभ आर्थिक समानता आ सामाजिक भलाइमे समर्पित छी,' ओ कहलैन । प्रधानमन्त्री ओली समग्र लोकतन्त्रक पूर्ण सम्भावनाक उपयोग करबाक लेल 'ककरो पछाडि नै छोरब' उद्देश्यसँ अगाडि चइल रहल बतौलैन ।

नेपाल आ चीन बुद्ध आ कन्फ्युसियसके भूमि भेल कहैत ओ दुनु देशबीच सुमधुर सहअस्तित्व आ दीर्घकालीन मित्रताके लम्बा इतिहास रहल बतौलैन । ओ नेपाल एक चीन सिद्धान्तप्रति प्रतिबद्ध रहल स्पष्ट करैत एकरा सब राजनीतिक दलसभ समर्थन कएल सेहो बतौलैन । 'राष्ट्रपति सि चिनफिङ्के दूरदर्शी प्रयाससभ जेना बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई)केँ साझा समृद्धि आ 'विन–विन' सहकार्यके भावनाके प्रशंसा करै छी,' प्रधानमन्त्री ओली कहलैन । चीनक चमत्कारिक आर्थिक विकाशसँ नेपालकेँ सेहो प्रेरणा मिलल हुनक कहब छल ।

**बिआरआइ फ्रेमवर्कमे हस्ताक्षर**

नेपाल आ चीनबीच बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआइ) सहकार्यक फ्रेमवर्कमे आइ सम्झौता भेल अइछ । बेइजिङमे आइ भेल सम्झौतामे नेपालक दिससँ परराष्ट्र मन्त्रालयक निमित्त सचिव अमृतबहादुर राई आ चीनक दिससँ नेशनल डेभलपमेन्ट एण्ड रिफर्म कमिसनक उपाध्यक्ष लि सुशे हस्ताक्षर केलैन । चीनक प्रधानमन्त्री ली छयाङक मैत्रीपूर्ण निमन्त्रणमे प्रधानमन्त्री केपी शर्मा ओली चीनक औपचारिक भ्रमणक तेसर दिन ई सम्झौता भेल अइछ ।

**बिआरआईसँ नेपाल लाभ लेत**

चीनक औपचारिक भ्रमणमे रहल प्रधानमन्त्री केपी शर्मा ओली बेल्ट एण्ड रोड इनिसियिटभ (बिआरआइ) सँ नेपाल लाभ लेत कहलैन अइछ । अइठाँम स्थित पेकिङ विश्वविद्यालयमे भेल कार्यक्रममे प्रधानमन्त्री ओली नेपालक विकाशमे चीनक स्थायी साथ प्राप्त भेल आ राष्ट्रपति सि चिनफिङक दुरदर्शी नेतृत्वमे शुरू भेल बिआरआई परियोजनासँ दू देशक आपसी सम्बन्ध आओर गहिर होबाक विश्वास व्यक्त केलैन । प्रधानमन्त्री ओली आगामी सन् २०२५ मे नेपाल आ चीनबीच कूटनीतिक सम्बन्ध स्थापनाक भेल ७० वर्ष पहुँचबाक अवसरमे दू देशमे उच्चस्तरीय भ्रमण आदानप्रदान भ पारस्परिक सम्बन्धमे नयाँ आयाम हएबाक बतौलैन ।

प्रधानमन्त्री ओली पेकिङ्जकाँ पुरान विश्वविद्यालय नेपालक शैक्षिक विकाशमे सेहो योगदान द सकबाक बतौलैन । प्रधानमन्त्री ओलीकेँ विश्वविद्यालयक अध्यक्ष प्रा गोङ छिहुङ स्वागत केलैन । कार्यक्रममे प्रधानमन्त्री नेतृत्वक प्रतिनिधिमण्डलक अन्य सदस्यक सेहो सहभागिता अइछ ।

प्रधानमन्त्री ओली आइए उद्यमी–व्यवसायीसभके कार्यक्रममे सेहो सम्बोधन करबाक कार्यक्रम अइछ ।

# धान काटै लेल मजदुरके बदला रिपर मेसिन !

**महोत्तरी ।**
सदरमुकाम जलेश्वरके दक्षिणवर्ती क्षेत्रक किसानक लेल (धान काटैबला) रिपर मेसिन उपयोगी सावित भेल अइछ ।

धान काटै लेल हातेट्र्याक्टर जकाँ छोटका मेसिन एखन जलेश्वर आ अगलबगलके किसानक लेल उपयोगी सिद्ध भेल जलेश्वर नगरपालिका–९ क किसान जितेन्द्र सिंह बतौलैन । चिनियाँ कम्पनीद्वारा आविष्कार क बजारमे आनल गेल रिपर मेसिन डिजलसँ सञ्चालन होबाक ओ बतौलैन । मेसिन एक घण्टामे १० कठ्ठामे लगाएल धान काइट रहल जलेश्वर नगरपालिका–८ क दोसर किसान अरुण पाण्डे बतौलैन । रिपर मेसिन आबैसँ पहिने किसानसभ ओइ खेतमे लगाएल धान काटै लेल दू–तीन दिन लागैत छल, बतौलैन ।

रिपर मेसिन प्रयोग होइसँ पहिने धान काटै लेल बहुत जनशक्तिक आवश्यकता होइत छलै, हाल एक गोटे मेसिन चलाबै छै आ एक गोटे काटल धान जमा करबाक श्रमिक भेलासँ मेसिन प्रयोग करबामे सहज रहल जलेश्वर नगरपालिका–६ के किसान दिनेश मण्डल बतौलैन ।

रिपर मेसिन श्रम आ समयके बचत हुनका सङे धान काटबाक समयमे मजदुर अभाव होबाक समस्या समाधान भेल किसान अपन बिघौंबिघामे लगाएल धान काटैलेल रिपर मेसिन वरदान सावित भेल जलेश्वर नगरपालिका–२ के किसान अनिल साह बतौलैन । रिपर मेसिनके मूल्य स्थानीय बजारमे रु दू लाख १५ हजार भेल ओ जानकारी देलैन ।

# एनपिएलः काठमाण्डूद्वारा कर्णाली तीन विकेटसँ पराजित



**काठमाण्डू ।**
सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मे काठमाण्डू गुर्खाज कर्णाली याक्सकेँ पराजित केलक अइछ । काठमाण्डू कर्णालीकेँ तीन विकेटसँ पराजित केलक अइछ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमे टस हाइर क ब्याटिङ केने कर्णाली निर्धारित २० ओभरक खेलमे पाँच विकेट क्षतिमे एक सओ ४९ रन बनेलक । एक सओ ५० रनके विजयी लक्ष्यमे काठमाण्डू १९ दशमलव तीन ओभरमे सात विकेट क्षतिमे पूरा केलक ।

काठमाण्डू गुर्खाजक लेल सुमित महर्जन अविजित ३७ बलमे ४० रन बनेलक । एहिना जेरार्ड एरास्मस २८ बलमे ३८ रन, कप्तान करण केसी १० बलमे २८ रन , माइकल लेभिट १९ बलमे २२ रन बनेलक ।

बलिङदिस कर्णाली याक्सक लेल सोमपाल कामी, नन्दन यादव, गुल्सन झा, जिशन मक्सुद आ विपिन शर्मा एक एक विकेट लेलैन ।

अइसँ पहिने कर्णाली याक्सक लेल एक सओ ४९ रन बनेबाक क्रममे शिखर धवन अद्र्धशतक पूरा केलैथ । ५१ बलमे अविजित ७२ रन, चाल्डिक वाल्टन १५ बलमे २१, बाबर हायात १८ बलमे १३ रन, गुलशन झा १९ बलमे १२ तथा जिशन मक्सुद ११ बलमे १४ रन बनेलैन ।

बलिङदिस काठमाण्डूक लेल जेहार्ड एरास्मस दू तथा नाथन स्वटर, दीपेश कँडेल आ कप्तान करण केसी एक एक विकेट लेलैन । आइए दोसर खेल लुम्बिनी लायन्स आ विराटनगर किङ्ग्सबीच भ रहल अइछ ।






**तिलकोत्सव समारोहः** सप्ताहव्यापी रामजानकी विवाहपञ्चमी महोत्सवको चौथो दिन बुधबार जानकी मन्दिरको प्राङ्गणमा भएको तिलकोत्सव कार्यक्रममा सहभागी भक्तजन । तस्बिर: चन्द्रदेव साह/रासस

# अपाङ्गता भएका व्यक्तिलाई ह्विचेयर वितरण

**मधेशदृष्टि**
**सिरहा ।**
अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा पद्मोदय फाउन्डेसनद्वारा सिरहाका ६४ जना अपाङ्गता भएका व्यक्तिलाई ह्विलचेयर वितरण गरिएको छ । 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिको प्रवल नेतृत्व यसको आधार' भन्ने मूल नाराका साथ मनाइएको अन्तर्राष्ट्रिय अपाङ्गता दिवसअन्तर्गत बुधबार आयोजित कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले ह्विलचेयर वितरण गरेका हुन् । मन्त्री सिंहले अपाङ्गता भएका व्यक्तिको



सशक्तीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले भने, 'अपाङ्गता भएका व्यक्तिको फरक क्षमताको पहिचान गर्ने र उनहरूको सशक्तिकरणका लागि प्रदेश सरकार सदैव सहयोग र समन्वय गर्न प्रतिबद्ध छ ।'

मन्त्री सिंहले अपाङ्गता भएका व्यक्तिको जीवनस्तर उकास्न कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राखे । धनगढीमाई नगरपालिकाका प्रमुख शिवशङ्कर महतोले समाजमा समान अवसर प्रदान गर्न र अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर बनाउन यस प्रकारका सहयोगको आवश्यकता पर्ने बताए । उनले पद्मोदय फाउन्डेसनप्रति आभार व्यक्त गर्दै अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिएको ह्विलचेयरले उनीहरूको दैनिकी सहज हुने विश्वास व्यक्त गरे । अपाङ्गता भएका व्यक्तिको सम्मान, उनीहरूको क्षमता विकास र सामाजिक सहभागितामा सकारात्मक सन्देश फैलाउने उद्देश्यका साथ यो कार्यक्रम गरिएको पद्मोदय फाउन्डेसनका अध्यक्ष दिपेन्द्र महतोले बताए । उनले आगामी दिनमा पनि अपाङ्गता भएका व्यक्तिलाई सहयोग गर्न यस्ता गतिविधिलाई निरन्तरता दिने उल्लेख गरे ।


बालविवाह
सामाजिक कुरीतिमात्रै नभई
जघन्य अपराध हो ।



"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।
बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।
यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



**बालविवाह किन गर्नु गराउनु हुँदैन ?**
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

**बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?**
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

**बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?**
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

**बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?**
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध ( संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

**बालविवाह गरे वा गराएमा के असर हुन्छ ?**
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।
बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"

जनहितमा जारी सन्देश
गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी, नेपाल


# दलित बालबालिका विद्यालय छाड्न बाध्य

**मधेशदृष्टि**
**वीरगंज ।**
आर्थिक विपन्नताका कारण पर्सा जिल्लाको पर्सागढी नगरपालिकामा रहेका दलितबस्तिका ९० प्रतिशत भन्दाबढि दलित बालबालिका विद्यालय छाड्न बाध्य भएका छन् । विद्यालय भर्ना समयमा भर्ना हुने र त्यसपछि कक्षा ५ देखि ८ सम्म मात्र अध्ययन गरेपछि विद्यालयबाट बाहिरिने क्रम बढ्दो छ । यसो हुनुको मुख्य कारण गरिबी रहेको नेपाल राष्ट्रिय मावि, बर्वाछटैली पर्सागढीका प्रधानाध्यापक रामबहादुर क्षेत्रीले बताए । पर्सागढी नगरपालिकाको १ देखि ९ वटा वडामा दलितबस्ती छन् र त्यहाँका ९० प्रतिशत बालबालिकाहरू विद्यालय जाँदैनन् । शुरुमा भर्ना हुने तथा धेरैजसो दुई÷तीन कक्षामै पढाइ छाड्ने र केहीले मात्र कक्षा ५ देखि ८ सम्म अध्ययन गर्ने गरेको पाइएको छ । नगरपालिकामा चारवटा माध्यमिक विद्यालय रहेका छन्, जसमा एकजना पनि दलित विद्यार्थी छैनन् । नेपाल राष्ट्रिय मावि, बर्वाछटैलीका प्रधानाध्यापक रामबहादुर क्षेत्रीले आफ्नो विद्यालयमा कक्षा १० सम्म एकजना पनि दलित विद्यार्थी नरहेको बताए । यसैगरी, नेरामावि, बडेर्वाका प्रअ चेतमनदास थारू, जनता मावि, पकडिया बडनियारका मोहन चौधरी र यसै वर्षदेखि माविमा स्तरवृद्धि भएको नेरामावि, बहुअर्वासिराका प्रअ रामाशीष यादवले पनि आफ्नो विद्यालयमा दलित विद्यार्थी नरहेको जानकारी दिए । पर्सागढी नपाका वडा नम्बर १ मनवा, २ बागवन्ना, ३ बडनिहार, झबराहा, ४ बकनेर्वा, ५ हर्दिया, ६ चैनपुर, ७ टिकुलिया, ८ हरपुर र ९ बडेर्वामा दलित समुदायका मुसहर, राम, पासवान, माझी, डोम जातिको बस्ती रहेको छ । बडेर्वाका रामजनम माझीले दलितहरूको नम्बरी जग्गा नभएको र आफूहरू सार्वजनिक ऐलानी जग्गामा बस्नुपरेको बताए । आर्थिक विपन्नताका कारण बालबालिकाहरूलाई विद्यालय पठाउन नसकेको उनको भनाइ छ । १०–१२ वर्षको उमेरमा बालकहरू घर बाहिर ज्याला मजदुरीमा खट्ने गरेका र बालिकाहरू घर व्यवहारमा लाग्ने गरेका माझीले बताए । विद्यालयमा टिकाउ नहुनुको कारण आर्थिक समस्या नै मुख्य रहेको उनले बताए । परिवारका सदस्यहरूले नकमाएपछि खान पनि समस्या हुने गरेकोले बालबालिकालाई विद्यालय पठाउनुको साटो आय हुने अन्य काममा खटाउने गरेको गुनासो माझीको छ । पर्सागढी नगरपालिकाले दलितहरूको उत्थानको लागि खासै प्रभावकारी कदम नचालेको दलित समुदायको गुनासो छ ।

**ब्लु एकेडेमीमा खेलकुद सम्पन्न**
ब्लु एकेडेमी लङ्गडी, धोबिनीमा वार्षिक खेलकुद कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा नेकपा एमाले मधेश प्रदेश कमिटिका सदस्य सलाउदिन अहमदले खेलकुदको महत्वको चर्चा गर्दै विद्यार्थीहरूको शारीरिक र मानसिक विकासका लागि यस्ता कार्यक्रमहरू आवश्यक रहेको बताए । उनले खेलकुदले आत्मविश्वास, अनुशासन र सहकार्यका गुणहरू विकास गर्न मद्दत गर्ने उल्लेख गरे । विद्यालयका प्राचार्य सुनिल पटेलले कार्यक्रमको सफलताका लागि विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई धन्यवाद व्यक्त गर्दै खेलकुदले विद्यार्थीहरूको भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताए । कार्यक्रममा विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुति दिनुका साथै विजयी खेलाडीहरूलाई पुरस्कार समेत वितरण गरिएको अहमदले जानकारी दिए ।

# धान काट्न मजदुरको सट्टा रिपर मेसिन !

**मधेशदृष्टि**
**महोत्तरी ।**
सदरमुकाम जलेश्वरसँग जोडिएको दक्षिणवर्ती क्षेत्रका किसानका लागि (धान काट्ने) रिपर मेसिन उपयोगी सावित भएको छ । धान भिल्याउन आफैँले सञ्चालन गर्न सकिने हातेट्र्याक्टरजस्तो सानो मेसिन अहिले जलेश्वर र वरपरका किसानका लागि उपयोगी सिद्ध भएको जलेश्वर नगरपालिका–९ का किसान जितेन्द्र सिंहले बताए । चिनियाँ कम्पनीद्वारा आविष्कार गरी बजारमा ल्याइएको रिपर मेसिन डिजलबाट सञ्चालन हुने उनले बताए । उक्त मेसिनले एक घण्टामा १० कठ्ठामा लगाइएको धानबाली काट्ने गरेको जलेश्वर नगरपालिका–८ का अर्का किसान अरुण पाण्डेले बताए ।



रिपर मेसिन आउनुभन्दा अगाडि किसानले उक्त खेतमा लगाएको धान काट्न दुई–तीन लाग्ने गरेको उनले बताए ।

रिपर मेसिन प्रयोग हुनुअघि धान भिल्याउन धेरै जनशक्ति आवश्यकता पर्ने गरेकामा हाल एक जना मेसिन चलाउने र एक जना काटिएको धान जम्मा गर्ने श्रमिक भए पुग्ने मेसिन प्रयोग गर्नुभएका जलेश्वर नगरपालिका–६ का किसान दिनेश मण्डलले बताए ।

रिपर मेसिनले श्रम र समयको बचत हुनुका साथै धान भिल्याउने बेलामा मजदुर अभाव हुने समस्या समाधान भएकाले किसानले आफ्नो बिघौँबिघामा लगाएका धान भिल्याउन रिपर मेसिन वरदान सावित भएको जलेश्वर नगरपालिका–२ का किसान अनिल साहले बताए । रिपर मेसिनको मूल्य स्थानीय बजारमा दुई लाख १५ हजार रुपैयाँ पर्ने उनले जानकारी दिए ।

# गरिब र विपन्नलाई कम्बल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब अफ वीरगंज मिलेनियमले वीरगंज– १८ स्थित रामजानकी मठ, भवानीपुरमा जाडो छल्न गरिब र विपन्न परिवारलाई सहयोग गर्ने उद्देश्यले एक हजार थान कम्बल वितरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा वरिष्ठ उद्योगपति एवम् भूतपूर्व जोन चेयरम्यान लायन वीरेन्द्र संघई, वीरेन्द्र साह, र अंकिता गुप्ता लगायतको विशेष उपस्थिति रहेको थियो । कार्यक्रम लायन्स क्लब अफ वीरगञ्ज मिलेनियमका भूतपूर्व डिस्टिक गभर्नर डीएन अग्रवालको अध्यक्षतामा सम्पन्न भएको हो । लायन्स क्लबका सदस्य राधेश्याम खेतानका अनुसार उक्त यी हजार थान कम्बलको कुल मूल्य लगभग एक लाख रुपैयाँ रहेको छ । कम्बलहरू विशेष गरी विपन्न परिवारका सदस्यहरु, महिलाहरू, तथा घरपरिवारका गरिब र असहाय व्यक्तिहरूलाई वितरण गरिएको छ । कार्यक्रममा बुद्धिजीवी, समाजसेवी, सञ्चारकर्मी, र गाउँका मानिसहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । यस कार्यले स्थानीय स्तरमा जाडोको समयमा विपन्न वर्गलाई राहत पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएका छन् ।

## सम्पादकीय

# पर्सामा ८ करोडले तान्यो रविलाई

पर्साको सानो पाइला सहकारी ठगी आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् पूर्व गृहमन्त्री रवि लामिछानेलाई पर्सामा पनि पक्राउ पूर्जी जारी भएको छ। लामिछानेसँगै छविलाल बन्जाडे जोशीसहित १४ जनाविरुद्ध पर्सामा पक्राउ पूर्जी जारी भएपछि अब लामिछानेलाई बयानका लागि पर्सामा ल्याइने भएको छ। कास्की प्रहरीको हिरासतमा रहेका लामिछानेले यसअघि रुपन्देही, काठमाडौ र चितवनमा पक्राउ पूर्जी जारीपछि बयान दिइसकेका छन्। पोखराको सूर्यदर्शन सहकारी संस्थाको रकम ग्यालेक्सी टेलिभिजनमा गएको पाइएपछि लामिछाने पनि अनुसन्धानको दायरामा आएका हुन्। उनी टेलिभिजनका प्रबन्ध निर्देशक र शेयर होल्डर पनि भएकाले जिबी राई नेतृत्वको सबै सहकारीबाट रकम गैरकानूनी ढंगले टेलिभिजनमा पठाइएको पाइँदा लामिछाने पनि अनुसन्धाको दायरामा आएका हुन्। यति मात्र होइन, लामिछानेलाई शेयर रकम पनि जनताले बचत गरेको सहकारीको रकमबाट टेलिभिजनमा पठाइएको पाइएको छ। यसरी कात्तिक २ गते पोखरामा सहकारी प्रकरणमै पक्राउ परेका लामिछाने अन्ततः राई नेतृत्वको सहकारीका ठगी प्रकरणमा आधा दर्जन जिल्लामा पक्राउ पूर्जी जारी हुने पार्टी सभापति बनेका छन्।

सानो पाइला सहकारीको रकम गोर्खा मिडियामा ल्याएर अपचलन गरेको आरोपमा लामिछाने, छविलालसहित १४ जनाविरुद्ध अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय पर्साले अदालतबाट पक्राउको अनुमति लिएको छ। जिबी भनिने गितेन्द्रबाबु राई र यी तीनजनासमेतको संलग्नतामा ठगी भएको यो पाँचौँ सहकारी हो। यसअघि बुटवलको सुप्रिम, पोखराको सूर्यदर्शन, काठमाडौको स्वर्णलक्ष्मी र चितवनको सहारा सहकारीको ठगी आरोपमा पनि अनुसन्धान भइरहेको छ। लामिछानेलाई चितवन ल्याएर प्रहरीले बयान लिइरहेको छ। यसअघि उनलाई र छविलाई बुटवल, पोखरा र काठमाडौमा सहकारी ठगीको आरोपमा बयान लिइएको छ। लामिछानेमाथि कास्की प्रहरीले पटकपटक अदालतबाट अनुमति लिँदै हिरासतमा राखेर अनुसन्धान जारी राखेको छ। उनलाई सहकारी ठगी प्रकरणमा २ महिना र सम्पत्ति शुद्धिकरणमा थप ३० दिन अर्थात् माघ २ गतेसम्म हिरासतमा राख्न सक्ने कानूनी प्रावधान छ। यसरी लामिछाने आफू गृहमन्त्री हुँदा गितेन्द्र बाबु राई पक्रन सक्रिय नहुँदाको फल अहिले आफैँ हिरासत पुगेर भोगिरहेका छन्। यता राज्यले लामिछानेलाई राजनीतिक सिकार गर्दै अशली ठग गितेन्द्रबाबु राईलाई भने खोजिरहेको छैन।

पोखरा, बुटवल र चितवनमा पूरक जाहेरीपछि अनुसन्धान भइरहेको छ। यस्तै, काठमाडौमा पनि अनुसन्धान चलिरहेको छ। अब पर्सामा पनि दोस्रो चरणको अनुसन्धान अगाडि बढ्ने भएको हो। जिबीविरुद्ध यसअघि नै मुद्दा दर्ता भएर उनी फरार छन्। तर यसअघिको अभियोग पत्रमा यी दुईजनासहित छुटेका १४ जनाविरुद्ध अनुसन्धान हुन लागेको हो। सहकारी ठगीसम्बन्धी छानबिन गर्न गठित समितिले उनीहरुको नाम तोकेरै कानूनी दायरामा ल्याउन सिफारिस गरेको थियो। समितिको प्रतिवेदन कार्यन्वयन गर्न गृह मन्त्रालयले सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा प्रहरी प्रधान कार्यालय हुँदै पठाएको थियो। सोही प्रतिवेदनका आधारमा पर्सामा पनि दोस्रो चरणको अनुसन्धान हुन लागेको हो। कास्की प्रकरहीले आइतबार लामिछानेलाई म्याद थप्न जिल्ला अदालत कास्कीमा लैजानुपर्ने छ। म्याद थपपछि कास्की प्रहरीसँग समन्वय गरेर बयानका लागि आरोपीहरुलाई लैजाने जिल्ला प्रहरी कार्यालय पर्साको तयारी छ। सानो पाइला सहकारीको ८ करोड रुपैयाँ टिभीको गएको देखिएको छ।

# नेपाली विद्यार्थी आन्दोलनः संघर्ष, बलिदान र रुपान्तरणको कथा



राम पुकार महतो (विद्रोही)

नेपाली विद्यार्थी आन्दोलनको इतिहास समाज र राष्ट्रको समग्र रूपान्तरणको कथा हो। यो केवल शिक्षाको अधिकारका लागि लडिएको संघर्ष थिएन; यो आन्दोलन निरंकुश शासन, सामाजिक विभेद र वर्गीय उत्पीडनका विरुद्ध नेपाली जनताको सामूहिक चेतनाको अभिव्यक्ति थियो। नेपालजस्तो शैक्षिक, सामाजिक, र आर्थिक रूपले विभाजित देशमा विद्यार्थीहरूले सधैं उत्प्रेरकको भूमिका निर्वाह गरेका छन्। उनीहरूको संघर्षको आधार शिक्षा सुधार मात्र नभएर सामाजिक न्याय र राजनीतिक परिवर्तन थियो।

नेपाली विद्यार्थी आन्दोलनको सुरुवात २००७ सालको प्रजातन्त्र प्राप्तिको संघर्षसँगै जोडिन्छ। राणा शासनको अधिनायकवादी व्यवस्थाले देशमा शिक्षाको पहुँचलाई सीमित गरेको थियो। शिक्षा केवल राणाहरूको पहुँचभित्र सीमित थियो र जनसाधारणलाई शिक्षाबाट वञ्चित राख्ने नीति लागू गरिएको थियो। शिक्षित युवाहरूले यस असमानताविरुद्ध आवाज उठाए। उनीहरूको विद्रोहले २००७ सालमा प्रजातन्त्रको स्थापना गर्ने महत्त्वपूर्ण भूमिका खेले। तर, यो प्रजातन्त्रको आगमनसँगै विद्यार्थी आन्दोलनको आवश्यकता समाप्त भएन।

२००७ सालको प्रजातन्त्र स्थापना पछि पनि शिक्षाको समान पहुँच र समाजको रूपान्तरणका लागि विद्यार्थी आन्दोलन चलिरह्यो। समाजमा व्याप्त वर्गीय विभाजन, जातीय भेदभाव र लैङ्गिक असमानताले गरिब र सीमान्तकृत समुदायहरूलाई शिक्षाबाट अलग गरिरहेको थियो। यस्तो अवस्थामा विद्यार्थीहरूले आफ्ना आन्दोलनहरूलाई शैक्षिक सुधारका सीमाभन्दा बाहिर लैजाने निर्णय गरे। उनीहरूको उद्देश्य केवल शिक्षामा समानता ल्याउने थिएन, बरु समग्र सामाजिक संरचनामा परिवर्तन ल्याउने थियो।

विद्यार्थी आन्दोलनले २०१७ सालमा राजा महेन्द्रद्वारा पञ्चायती व्यवस्था लागू गरिएपछि नयाँ मोड लियो। राजाले प्रजातन्त्रको अन्त्य गरी प्रत्यक्ष शासन थालेपछि शिक्षण संस्थाहरू विरोधका केन्द्र बने। पञ्चायती शासनले नागरिक स्वतन्त्रतालाई कुन्ठित गर्दै विरोधका सबै स्वरहरूलाई दबाउने प्रयास गर्‍यो। तर, यो दमनले विद्यार्थी आन्दोलनलाई रोक्न सकेन।

पञ्चायती शासनविरुद्ध विद्यार्थीहरूले देशव्यापी आन्दोलन गरे। उनीहरूले शिक्षण संस्थाहरूलाई विद्रोहका थलो बनाएर जनता र युवाहरूलाई राजनीतिक सचेतनाको अभियानमा सामेल गराए। बामपन्थी विचारधाराबाट प्रेरित विद्यार्थी नेताहरूले वर्गीय समानता, न्याय र जनताको हकअधिकारका मुद्दाहरूलाई आफ्नो आन्दोलनको केन्द्र बनाएका थिए। यसले विद्यार्थी आन्दोलनलाई केवल शिक्षाको सुधारको मागबाट माथि उठाएर समाजको रूपान्तरणको साधन बनायो।

२०३६ सालमा राजा वीरेन्द्रद्वारा जनमत सङ्ग्रहको घोषणा भएपछि विद्यार्थी आन्दोलनले अर्को चरणमा प्रवेश गर्‍यो। पञ्चायती शासनले जनमत सङ्ग्रहलाई आफ्नो पक्षमा पार्न ठूलो प्रयास गरिरहेको बेला विद्यार्थीहरूले बहुदलीय प्रजातन्त्रको पक्षमा व्यापक अभियान सञ्चालन गरे। उनीहरूको उद्देश्य पञ्चायती व्यवस्थाको अन्त्य गरेर लोकतान्त्रिक प्रणाली स्थापना गर्नु थियो। जनमत सङ्ग्रहको परिणामले पञ्चायती व्यवस्थालाई कायम राखे पनि यस आन्दोलनले नेपाली समाजमा प्रजातन्त्रको आवश्यकता र महत्त्वका बारेमा गहिरो चेतना फैलायो।

२०४६ सालको जनआन्दोलनले नेपाली विद्यार्थी आन्दोलनको इतिहासमा एक कोसेढुङ्गा स्थापित गर्‍यो। पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्र पुनःस्थापनाका लागि भएको यस आन्दोलनमा विद्यार्थीहरूले निर्णायक भूमिका खेले। शिक्षण संस्थानहरू आन्दोलनका केन्द्र बने र विद्यार्थीहरूले सडकमा उत्रिएर निरंकुश पञ्चायती व्यवस्थालाई चुनौती दिए। उनीहरूको बलिदान र साहसले देशमा बहुदलीय प्रजातन्त्र स्थापना गर्न महत्वपूर्ण योगदान पु¥यायो।

२०६२÷६३ को जनआन्दोलनले विद्यार्थी आन्दोलनलाई चरम उत्कर्षमा पु¥यायो। राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन चलाएपछि नेपाली जनतामा आक्रोश बढ्दै थियो। विद्यार्थीहरूले यस आक्रोशलाई आन्दोलनमा बदल्न मुख्य भूमिका खेले। उनीहरूले शिक्षण संस्थाहरू, गाउँहरू र शहरी क्षेत्रहरूमा जनतालाई संगठित गरेर आन्दोलनलाई बलियो बनाए। यस आन्दोलनले नेपालमा गणतन्त्र स्थापनाको मार्ग प्रशस्त गर्‍यो।

गणतन्त्र स्थापनापछि विद्यार्थी आन्दोलनको स्वरूपमा ठूलो परिवर्तन आएको छ। विगतका आन्दोलनहरूजस्तो ठोस उद्देश्य र संगठनात्मक एकता अभावले हालको विद्यार्थी आन्दोलन कमजोर देखिएको छ। राजनीतिक दलहरूको अत्यधिक प्रभाव र गुटबन्दीले प्रमुख विद्यार्थी संगठनहरूलाई विभाजित बनाएको छ। आन्दोलनको स्वतन्त्रता र जनमुखीपन हराउँदै गएको महसुस गरिएको छ।

तर, नयाँ पुस्ताका स्वतन्त्र विद्यार्थीहरूले अहिले पनि शिक्षाको निजीकरण, बेरोजगारी र लैङ्गिक तथा वर्गीय असमानताका मुद्दाहरूमा आवाज उठाइरहेका छन्। उनीहरूले शैक्षिक प्रणालीमा सुधार र समाजमा समानता ल्याउने प्रयासलाई निरन्तरता दिएका छन्।

नेपाली विद्यार्थी आन्दोलनको इतिहासले देखाउँछ कि हरेक राजनीतिक, सामाजिक, र सांस्कृतिक परिवर्तनमा विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। उनीहरूको बलिदान, संघर्ष, र सामूहिक साहसले देशलाई निरंकुशता, विभेद र अन्यायबाट मुक्त गर्दै लोकतन्त्र र समानताको मार्गमा अघि बढाएको छ।

भविष्यमा विद्यार्थी आन्दोलनले आफ्नो ऐतिहासिक भूमिकालाई पुनः जिवित गर्दै जनताका लागि न्याय, समानता र प्रगतिका मुद्दाहरूलाई उठाउन सक्नेछ। विगतको शिक्षण, वर्तमानको चुनौती र भविष्यको सम्भावनाको आधारमा यो आन्दोलन अझ सशक्त र प्रभावकारी बन्नेछ। संघर्ष र बलिदानको यो कथा भविष्यका पुस्ताहरूको लागि प्रेरणाको स्रोत बन्नेछ।

# प्राचीन सांस्कृतिक सम्पदाको धनी टोखा



श्याम मदन केसी

काठमाडौँ उपत्यकाको प्राचीनकालीन इतिहासमा टोखा प्रख्यात सहरका रूपमा रहेको तथ्यलाई त्यहाँ प्राप्त भएको संवत् ५१९ शिवदेव–अंशुवर्माको अभिलेखबाट स्पष्ट हुन्छ। यस अभिलेखको अध्ययनले प्राचीनकालमा यो स्थान एक व्यवस्थित सहरका रूपमा विकसित भएको देखिन्छ। धनवज्र बज्राचार्यले उतार गर्नुभएको अभिलेखमा शिवदेव र अंशुवर्माले टोखामा राखेको अभिलेखमा काठमाडौँ–उपत्यकाको उत्तरी भेगमा धर्मस्थलीको हाराहारी टोखा नामक प्रसिद्ध बस्ती रहेको विश्लेषण गरिएको पाइन्छ। यस सन्दर्भले लिच्छवीकालमा शहरलाई टोखा नामले पुकारिन्थ्यो भन्ने पुष्टि गर्छ। यस अभिलेखमा “तिलमक” र “गुल्म” जस्ता शब्द प्रयोग गरिएको छ। वज्राचार्यले तिलमक शब्दलाई किरातकालीन शब्द भएको उल्लेख गर्नुभएको छ। यसले त्यसताका टोखाले कृषि क्षेत्रमा निकै अन्न उत्पादन गर्ने गरेको देखिन्छ। त्यसैगरी अर्को शब्द गुल्मले त्यस समयमा टोखा एउटा किल्लाको रूपमा रहेको पाइन्छ।

त्यतिबेला उत्तरतिरबाट भइरहने आक्रमणबाट कान्तिपुरलाई सुरक्षित राख्नका लागि टोखालाई चारैतिरबाट पर्खालले घेरी बलियो किल्ला बनाएको देखिन्छ। प्रताप मल्लले भीम मल्ललाई टोखाको बाटो गरी तिब्बत क्षेत्रको राज्य विस्तार गर्न पठाएको चर्चा पाइन्छ। यसले आफ्नो पराक्रमले तिब्बतलाई कान्तिपुरी राज्यको अगाडि झुकाएर नेपालको हितमा महत्वपूर्ण सन्धि गरेका थिए। स्थानीयका भनाइअनुसार टोखाको बाटो हुँदै प्राचीनकालमा व्यापारीहरू टोखा, नुवाकोट, रसुवा हुँदै केरुङ जाने गरेको बताइन्छ।

टोखा प्राचीनकालमा चाकुका लागि निकै प्रसिद्ध रहेको थियो। नेपाल भाषामा ‘तु’ को अर्थ उखु, ‘ख्य’ को अर्थ फल्ने स्थानका रूपमा परिभाषित गरिएको छ। आजसम्म टोखाको चाकुलाई मौलिक र विशिष्ट चाकुका रूपमा लिने गरिएको देखिन्छ। यसअनुसार यो क्षेत्रको नामकरणको ‘तुख्य’ बाट अपभ्रंश हुँदै टोखा रहन गएको विश्वास अझै ताजा छ। लिच्छवीकालमा ‘खा’ प्रत्यय लागेका स्थाननाम शब्दहरू पाइन्छन् ती ‘खा’ संस्कृत भाषा नभएर तिब्बती वर्मन हुन्। यस्ता प्रत्यय नेवारी भाषामा अहिले पनि प्रयोग हुने गर्दछ।

उपत्यकामा अरू पनि ‘खा’ प्रत्यय लागेका स्थाननाम शब्दहरू छन्। यट्खा, प्यूखा आदि अझै पनि प्रचलित स्थानका रूपमा रहेका छन्। कतिपय संस्कृतिविद्ले यस स्थानमा प्राचीनकालमा अत्यधिक रूपमा उखु पाइने हुनाले त्यसको नाम ‘तुखा’रहेको र नेवारहरूले आफ्नो बोलीचालीको उच्चारणमा ‘त’ लाई ‘ट’ भन्ने गरेको हुँदा उच्चारण गर्न सजिलोका लागि तोखाबाट पछि अपभ्रंश भएर टोखा हुन गएको भन्ने चर्चा पनि पाइन्छ। यहाँ उखु उत्पादन हुने भएकाले नेवारी भाषामा यसको नाम ‘तुखा’ बाट पछि गएर ‘टोखा’ रहन गएको भन्ने भनाइ छ।

एक अर्को किंवदन्तीअनुसार प्राचीनकालमा यो गाउँ एक सहरका रूपमा रहेको हुँदा त्यस समयमा ‘टो’ नाम गरेको एउटा ‘ख्याक’ (राक्षस) ले मानिसलाई दुःख दिई हैरान बनाएको थियो। एक तान्त्रिकको सहयोगमा त्यो दुष्ट ख्याकलाई मारिएको हुँदा त्यही ‘टो’ शब्द पछि गएर टोखा हुन गएको भन्ने जनश्रुति छ। त्यसैगरी, मध्यकालमै टोखालाई लक्ष्मीपुर पनि भनिएको पाइन्छ। मध्यकालमा टोखा एउटा सामरिक स्थलका रूपमा पनि प्रसिद्धि पाएको देखिन्छ। यसको उल्लेख सर्वप्रथम नेपाल संवत् ३७५ मा गरिएको छ।

त्यहाँ जयदेवले किल्लामा रहेको सुन लुटेको हुँदा टोखा र नेपी किल्लाहरूले विद्रोह गरेको समेत उल्लेख गरिएको पाइन्छ। यसबाट मध्यकालको पूर्वाद्धमा टोखा एउटा बलियो किल्लाका रूपमा प्रतिष्ठापित भएको देखिन्छ। उपत्यकाका चारैतिर होचा पहाडमा किल्लाका अवशेष भएको र ती किल्लाका चारैतिर खाई र ढिस्का देखेको कुराको वर्णन गरिएको छ। उपत्यकाका चाँगुनारायण, स्वयम्भू, बज्रयोगिनी, पशुपतिनाथ आदि देवस्थलहरू वनगढका रूपमा प्राचीनकालदेखि नै रहेका छन्। यी तथ्यहरूबाट टोखाको बस्ती मध्यकालको पूर्वाद्धभन्दा अगाडि नै बसेको कुरालाई पुष्टि गर्दछ। गोपाल वंशावलीमा नेपाल संवत्् ३७४ आश्विनमा जयदेवले टोखाको किल्लाको सुन लुट्न आउँदा नेपी क्वाठ र टोखा क्वाठ किल्लाहरूले विद्रोह गरी धपाएको उल्लेख छ। त्यसैगरी, नेपाल संवत्् ४४६ मा पशुपति मल्ल टोखामा गएर बसेका थिए भनिन्छ। त्यसैगरी, नेपाल संवत्् ४६० पुसमा भएको विद्रोहमा गोपालदेवको हत्या गरिएको थियो। नेपाल संवत् ४७८ मङ्सिरमा नुवाकोटका एक प्रसिद्ध भारदार जुतपाल त्यहाँबाट निष्कासित हुँदा टोखामै शरण पर्न आएको देखिन्छ।

टोखाले विसं १८२२ जेठमा कुनै प्रतिकार नगरी पृथ्वीनारायण शाहसँग मिल्न गएकाले कान्तिपुर राज्यअन्तर्गतको टोखा प्रदेश गोरखा अधिराज्यमा विलीन भएको ऐतिहासिक तथ्य पाइन्छ। मध्यकालको पूर्वाद्धका समयमा घटेका विभिन्न घटनाले टोखा विद्रोहीहरूको शरणस्थलका रूपमा चर्चित मानिन्थ्यो। लिच्छवीकालमा नै टोखाका रूपमा प्रसिद्ध कमाएको टोखालाई मध्यकालको उत्तराद्र्धका प्राप्त भएका दुई दर्जनभन्दा बढी अभिलेखमा ‘तोखा देश’, ‘टोखा ग्राम’ ‘जयपुरी देश’, ‘जयपुरी नगर’ र ‘लक्ष्मीपुर’ भनेर उल्लेख गरिएको देखिन्छ।

मध्यकालमा कुनै एउटा प्रदेशको नाम जनभाषा र संस्कृत भाषामा बेग्लाबेग्लै राखिने प्रचलन रहेको थियो। त्यसको आधारमा टोखाको नामकरण जनभाषामा टोखा र संस्कृतिमा जयपुर रहेको भनी ऐतिहासविद् टेकबहादुर श्रेष्ठले विश्लेषण गर्नुभएको छ। प्रचलित किंवदन्तीअनुसार एक दिन एक भिक्षु भिक्षा माग्दै हिंड्ने क्रममा उनले अपेक्षा गरेको भन्दा अधिक अन्न यहाँँका बासिन्दाले दान दिएछन्। यसबाट अत्यन्त खुसी भएका भिक्षुले यस गाउँका सम्पूर्ण मानिसको निवासमा लक्ष्मीले बास गरून् भनेर सदिच्छा व्यक्त गरेका हुनाले यसै समयदेखि यस गाउँलाई ‘लक्ष्मीपुर’ नाउँले चिन्न थालिएको हो भन्ने भनाइ पनि पाइन्छ। शाहकालमा आउँदासमेत टोखाले महत्वपूर्ण स्थलका रूपमा रहेको देखिन्छ।

टोखाका अमूल्य सम्पदाहरूः टोखा सरस्वती र टोखा चण्डेश्वरीमा लिच्छवीकालीन, मध्यकालीन र शाहकालीन समयमा समेत महत्वपूर्ण राजनीतिक भूमिका निर्वाह गरेको देखिन्छ। यसरी नै विभिन्न समयमा मानव निर्मित सांस्कृतिक सम्पदाहरूको निर्माण यहाँ भएको पाइन्छ। यहाँ विशेषगरी शैव, शाक्त, वैष्णव र बौद्धलगायतका विभिन्न धार्मिक सम्प्रदाय अन्तर्गतका मठमन्दिर, ढुङ्गेधारा, पाटीपौवा, डबली, विभिन्न अभिलेखलगायत भौतिक सांस्कृतिक सम्पदाहरू रहेका छन्। यहाँ नेपालको सनातन धार्मिक एवं बौद्ध परम्परामा स्थान, सम्मान र महत्व पाएका ३३ कोटी देवीदेवतासँग गाँसिएको धार्मिकस्थलहरू रहेका छन्। त्यसरी नै नेपालमा मण्डलका चौसठ्ठी शिवलिङ्गमध्ये चण्डिकेश्वर, धर्मेश्वर र गोकर्णेश्वर यसै क्षेत्रमा पर्ने धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको छ। वर्तमान अवस्थामा धर्मेश्वर बूढानीलकण्ठ नगरपालिका र गोकर्णेश्वर गोकर्णमा क्षेत्रमा रहेको छ। यी दुवै शिवलिङ्गलाई टोखाको सुप्रसिद्ध तीर्थका रूपमा नेपाल महात्म्यले चिनाएको देखिन्छ। हिमालयको पुत्री पार्वतीले महादेवलाई पतिका रूपमा प्राप्त गर्न टोखाको पिण्डारक तीर्थमा नुहाई चण्डिकेश्वर महादेवको पूजा तथा आराधना गरेको स्वस्थानी व्रतकथामा चर्चा गरिएको छ।

टोखा प्रशासनिक इकाइका रूपमा रहेकाले जीवित गणेश–कुमारी, तलेजु भवानी, चण्डेश्वरी भगवती, सपनतीर्थ, सङ्कटामाई (मसानकाली), माथिल्लो सिद्धिगणेश, तल्लो क्वोथु गणेश रहेका छन्। त्यसैगरी, नारायणको मन्दिर, सरस्वती मन्दिर, रुद्रेश्वर महादेव, नाटेश्वरी, तलेजु भवानीको मन्दिर, भीमसेनको मूर्ति, बज्रयोगीनी देवी, लल बुद्धको मूर्ति र पच्चबुद्धको मूर्तिहरू रहेका छन्। यसरी नै थनेलाछीको डबली, कोनेलाछीको डबली, ढुङ्गेधाराहरू, जलद्रोणी, गणेशपोखरी, नारायणपोखरी, इनार, कुवा, पाटी, पौवाहरू अझै अस्तित्वमा छन्। यहाँ प्राचीनकालीन प्रवेशद्वारलगायत टोखाको चारैतर्फ अन्य पाँचवटा प्रवेशद्वार रहेका छन्। यहाँ किराती राजा यलम्बरको पूजा गर्ने परम्परा अझै कायम रहेको पाइन्छ। यहाँको मौलिक सांस्कृतिक सम्पदाका रूपमा चाकु उत्पादन अझै प्रसिद्ध रहेको छ।

यहाँ रहेका अभौतिक सम्पदाहरूमा घण्टाकर्ण जात्रा, चाकु निर्माण प्रविधि, गाईजात्रा, नागपञ्चमी, कृष्णाष्टमी, इन्द्रजात्रा, दसैँ, तिहार, तलेजुको पूजा, बालाचतुर्दशी, योःमरी पुन्ह्ी, माघेसङ्क्रान्ति, स्वस्थानी व्रत, शिवरात्रि, फागु पूर्णिमा, लिङ्गो गाड्ने, बिस्केट जात्रा, लाखेनाच, बाँदरनाच, मयूरनाच, नाग–नागिनीनाच, कुमारी जात्रा तथा नेपाल संवत्् उत्सवका रूपमा मनाउने गरिएको छ। यहाँको प्रसिद्ध जात्राका रूपमा बिस्केट जात्रालाई लिइने गरिएको देखिन्छ। वैशाख १ देखि ५ गतेसम्म सातवटा देवीदेवतालाई खटमा राखी टोखा नगर परिक्रमा गराउने परम्परा अहिले पनि छ।

त्यसैगरी, सपननीर्थ स्नान अर्को महत्वपूर्ण तीर्थस्थलका रूपमा प्रसिद्धि कमाएको छ। यहाँ स्नान गर्नाले मानिसको शरीरमा आएका घाउ, खटिराहरू निको हुने जनविश्वास रहेको छ। टोखाका नेवार समुदायका बासिन्दाले सगुन दिने, भोज र समय्बजीलाई महत्वपूर्ण रूपमा लिने गर्दछन्। यिनीहरूले सगुन दिँदा उसिनेर तेलमा तारेको अण्डा, सुकेको घुम्रिएको माछा तेलमा तारेको, मास भिजाएर राम्ररी धोएपछि पिँधेर चाक्लो गरी तावामा तेल हालेर बनाएको बारा, मासुका दुई टुक्रा र रक्सी वा दहीको प्रयोग गर्दछन्। यिनीहरूले जुनसुकै जात्रापर्व, उत्सवमा भोज खाने गर्दछन्। यस्ता भोज खाँदा चिउरा, अचार, गेडागुडी, राँगाको मासु, तरकारी, छयला, कवाफ, गोलभेँडाको अचार, फर्सी, भुटन, साग, लब्सीको अमिलो झोल, रक्सी र जाँड, रोटी र दही, फलफूल, ताखामही दिने गरिन्छ।

चाडपर्वमा धेरैजसो समयबजीको प्रयोग गर्दछन्। यसमा चिउरा, स्याःबजि, कालो भट्मास भुटी साँधेको, लसुन अदुवा साँधेको, छवय्ला, सुकेको माछा, रक्सी वा जाँड, बोडी उसिनेर साँधेको, आलु उसिनेर साँधेको, बारा, अण्डा आदि दिने चलन छ। यहाँ शास्त्रीय परम्परामा आधारित यहाँका सङ्गीत धुनहरूले टोखालाई मनोरञ्जन दिने गर्दछ। विशेषगरी व्याँचुली धुनले मिर्मिरे बिहानीपखाको आभास दिन्छ भने मालश्री धुनले दसैँ, तिहार र धातुको धुनले बिस्केट जात्राको आभास दिलाउँछ। यहाँ बजाउने बाजाहरूमा धिमेबाजा प्रसिद्ध रहेको छ। यसको तालमा बच्चा, बूढाबूढी, तन्नेरीहरू खुसीले नाच्ने गर्दछन्।

**सङ्कटापन्न सांस्कृतिक सम्पदाहरूको संरक्षण**

टोखामा रहेका भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाहरू सङ्कटापन्न स्थितिमा रहेका छन्। कतिपय सम्पदाहरू संरक्षणको अभावमा लोप हुने स्थितिमा पुगेका छन्। नयाँ पुस्ता आफ्नो भाषा तथा जातीय संस्कृतिबाट टाढिँदै गएको अवस्था छ। आज जीवित रूपमा सांस्कृतिक परम्पराहरू भविष्यमा हराएर जाने सम्भावना देखिन्छ। टोखा क्षेत्रमा रहेका परम्परागत शिल्पकलासम्बन्धी ज्ञानलाई एकपछि अर्को पुस्तासम्म हस्तान्तरण गर्दै जाने चलन हराउन थालेको छ। युवा पुस्तामा आफ्नो पुख्यौली पेसालाई चटक्कै छोडेर पलायन हुने क्रम बढेको छ।

यस्ता सम्पदाहरूको संरक्षणका लागि नेपाल सरकारले संस्कृति नीति, २०६७ लागू गरी भौतिक तथा अभौतिक सम्पदाको परम्परागत भौतिक लोककला, शिल्पकला उत्पादन गर्ने, सीप संरक्षणका लागि देशभित्र रहेका सबै जाति र समुदायको संस्कृतिको सूचीकरण गर्नुपर्नेमा जोड दिएको देखिन्छ। नेपालको संविधानमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्ना भाषा, लिपि, संस्कृति, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने, सांस्कृतिक सभ्यता र सम्पदाको संवद्र्धन र संरक्षण गर्ने मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३ ले समेत सांस्कृतिक सम्पदाको संरक्षणका लागि महत्वपूर्ण भूमिका खेलेको छ।

टोखा क्षेत्रमा रहेको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि गुठीको अहम् भूमिका रहेको देखिन्छ। यिनीहरूले जात्रा पर्व सञ्चालन, मठमन्दिरको संरक्षण चाडपर्व रीतिरिवाज संस्कार, संस्कृति सञ्चालन गर्न विभिन्न गुठीहरू सक्रिय रहेका छन्। भौतिक सांस्कृतिक सम्पदाअन्तर्गत रहेका मठमन्दिर, इनार, पाटी–पौवाको पुनःनिर्माण, जीर्णोद्धार गर्दै आएका छन्। अभौतिक सांस्कृतिक सम्पदामा मानिसहरूको मुत्यु संस्कारसँग सम्बन्धित सना र सी गुठी, कुल देवताको पूजासँग देवाली गुठी, नाचगान नास द्यः गुठी, सरस्वतीको पूजाको सु गुठी र वर्षभरि नै सञ्चालन भइरहने जात्रा, चाडपर्व, देवी नाच, सङ्गीत सञ्चालन गर्न, मठ मन्दिर विशार चैत्यको सम्बर्दभन गर्न, दैनिक, वार्षिक तथा अर्धवार्षिक रूपमा पूजाआजा गर्न विभिन्न धार्मिक गुठीहरू बन्दोबस्त गरेको देखिन्छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘अपाङ्गता क्षेत्रको संवेदनशीलता आत्मसात् गर्नुपर्छ’

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले अपाङ्गता क्षेत्रको संवेदनशीलतालाई परिवार, समाज र राष्ट्रले आत्मसात् गर्नुपर्ने बताएका छन् ।

‘अपाङ्गता भएका व्यक्तिको ३३ औँ अन्तर्राष्ट्रिय दिवस, २०२४’ को अवसरमा नेत्रहीन युवा सङ्घ नेपाले बुधबार आयोजना गरेको ‘अपाङ्गता युवा सम्मेलन’ को उद्घाटन गर्दै सभामुख घिमिरेले अपाङ्गताको सवालमा समावेशिताको सवाललाई कार्यान्वयन गर्न सबैभन्दा पहिला अपाङ्गता भएका व्यक्ति आर्थिक तथा सामाजिक रुपमा बलियो हुनुपर्ने बताए ।

‘अपाङ्गता भएका व्यक्ति, परिवार वा समाजको न्यूनतम आवश्यकता पूरा भएपछि मात्रै उनीहरुले पाउने समावेशिता अधिकारसम्बन्धी नीति र सिद्धान्तको कार्यान्वयन गर्न पहल गर्न सकिन्छ, त्यस अर्थमा पनि उनीहरु आर्थिक रुपमा सबल र सक्षम हुनुपर्छ’, उनले भने ।

नेपालको संविधानले समानता, समावेशिता, अपाङ्गता भएका व्यक्तिको अधिकार तथा सम्मान र सबै प्रकारका भेद्भाव अन्त्य गर्ने विषयलाई प्राथमिकता दिएको उल्लेख गर्दै सभामुख घिमिरेले अपाङ्गताको सवालमा संवैधानिक अधिकार र भएका ऐन–कानून कार्यान्वयनको सवालमा कमिकमजोरी भएको टिप्पणी गरे ।

सभामुख घिमिरेले अपाङ्गता भएका व्यक्तिलाई राज्यको नीति निर्माण गर्ने वा नीति कार्यान्वयन गर्ने तहमा समान सहभागिताका लागि आफ्नो तर्फबाट सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

‘अपाङ्गता भएका व्यक्तिलाई सङ्घीय र प्रदेशसभामा समान प्रतिनिधित्व गराउन निर्वाचन ऐनलाई समय सान्दर्भिक बनाउन आवश्यक छ, साथै सबैभन्दा महत्वपूर्ण अपाङ्गतासम्बन्धी कानुनको कार्यान्वयन गराउनुपर्छ र कार्यान्वयन नगर्ने निकाय वा व्यक्तिलाई कारबाही गर्नुपर्ने हुन्छ’,उनले भने ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष देवीदत्त आर्चायले नेपालका विपद्सम्बन्धी कानुन र नीतिमा समावेश ‘अपाङ्गता समावेशी’ व्यवस्थालाई व्यवहारिक रुपमा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग गरे ।

नेपालको वर्तमान संविधान एवं अपाङ्तासम्बन्धी कानुनी व्यवस्थामा अपाङ्ता भएका व्यक्तिलाई अपाङ्ताको आधारमा कुनै पनि भेद्भाव नगरिने गरी अधिकारको सुनिश्चित गरिएको छ ।

नेपालले अपाङ्ता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ लाई सन् २००९ मा अनुमोदन गरी कार्यान्वयन गरिरहेको छ । अपाङ्ता भएका व्यक्तिको अधिकारको व्यवहारमा कार्यान्वयन गर्न अपाङ्तासम्बन्धी राष्ट्रिय नीति जारी गरी कार्यान्वयन गरिएको छ भने त्यसलाई थप सार्थकता प्रदान गर्न कार्ययोजना निर्माण गरी लागू गर्न महिला मन्त्रालयले काम गरिरहेको छ ।

यस वर्ष संयुक्त राष्ट्रसङ्घले तय गरेको अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस, २०२४ को मूल ‘इम्पिलिफइङ दि लिडरसिप अफ परसन्स उइथ डिजाविलिटिस फर अन इन्कुशिभ एण्ड सस्टेनेबल फ्युचर’ रहेको छ भने सोही नाराको परिप्रेक्ष्यमा रही नेपाल सरकारद्वारा ‘समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिको प्रवल नेतृत्व यसको आधार’ तय गरिएको छ । रासस

# नेपाल र चीन प्राचीन ज्ञानका भूमिः प्रधानमन्त्री

**बेइजिङ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल र चीन प्राचीन ज्ञानका भूमि भएको बताएका छन् । चीनको औपचारिक भ्रमणमा रहेका उनले बुधबार पेकिङ विश्वविद्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै यस क्षेत्रका महान् दार्शनिक र ऋषिका उपदेशहरूले कैयौँ पुस्तालाई प्रेरणा प्रदान गरेको उल्लेख गरे ।

‘विश्वको यस भागमा थुप्रै महान् सभ्यताहरूको विकास भएको थियो, ती सभ्यताहरूको महत्व हाम्रो समाजको अडिग आधार हुन्’, उनले भने,‘ती सभ्यताहरू अझै पनि हाम्रो आधुनिकताका यात्रामा गुञ्जिएका छन् ।’

प्रधानमन्त्री ओलीले आफूले युवा अवस्थामै पेकिङ विश्वविद्यालयबारे पढेको स्मरण गरे ।सन् १९१९ मा विश्वविद्यालयमा साम्राज्यवाद र सामन्तवाद विरोधी चौथो आन्दोलन सुरु भएको उल्लेख गर्दै उनले आन्दोलन आधुनिक चीनको इतिहासमा महत्वपूर्ण मोड भएको आफूले पाएको बताए ।

उनले लोकतन्त्र र जनताको खुसीका लागि आफ्नो खोज कठिनाइ र अवरोधको सामना गर्दा आफू अझ बलियो भएको बताए । उनले हाम्रा पूर्वज केवल चिन्तक मात्र नभई आविष्कारक र दूरदर्शीसमेत भएको उल्लेख गर्दै उनीहरूको योगदान एसिया मात्र नभई संसारका लागि पनि एक धरोहर भएको बताए ।

‘हामीले हाम्रो हिस्साका अशान्ति र चुनौतीहरू भोगेका छौँ । हामीले अन्धकारपूर्ण चरण पनि देखेका छौँ । मानिसलाई अभाव र अत्याचारको सिकार हुँदै देखेका छौँ’, उनले भने, ‘यसको बाबजुद पनि आशा र ज्ञानका किरण र नवप्रवर्तनको प्रकाश हाम्रो क्षेत्रमा कहिल्यै मेटिएको थिएन । आजको एसियाको उत्थान र पुनरुत्थान यस सभ्यतागत आधारमा आधारित छ ।’



आज विश्वका कैयौँ देशले लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको पुनःस्थापनाको कुरा गरिरहेका छन्, तर विडम्बना धेरै विकसित राष्ट्रहरूमा पनि आजका दिनमा पनि मानिसहरू लोकतन्त्रका लागि लड्नु परिरहेको अवस्था रहेको उनको भनाइ थियो ।

‘लोकतन्त्र केवल एक राजनीतिक संरचना मात्रै होइन, एक सामाजिक प्रणाली पनि हो’, उनले भने, ‘यस्तो प्रणाली जसले प्रत्येक व्यक्तिको सम्मानको रक्षा गर्छ, असीम सम्भावनाको भावना प्रेरित गर्छ र सबैका लागि सुरक्षा र सुरक्षाको वातावरण प्रवद्र्धन गर्छ ।’

प्रधानमन्त्री ओलीले नेपालको राजनीतिक रूपान्तरणको यात्रा विश्व इतिहासमा एक अद्वितीय मोडलका रूपमा रहेको उल्लेख गरे । संसारका थुप्रै राजनीतिक सङ्घर्ष प्रायः एकल वर्गका प्रतिनिधिहरूले नेतृत्व गरे पनि नेपालको आन्दोलन सामूहिक प्रयत्नमार्फत सफल भएको उनको भनाइ थियो ।

माक्र्सवादको दर्शनबाट प्रेरित र जननेता मदन भण्डारीको दूरदर्शी नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले जनताको बहुदलीय लोकतन्त्रको सिद्धान्तको विकास गरेको उनले बताए ।

प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङको जनताको लोकतान्त्रिक दृष्टिकोण चीनको ऐतिहासिक परम्परा, संस्कृति र सामाजिक–आर्थिक विकासका आधार भएको आफूले पाएको बताए ।

उनले नेपालको संविधान समाजवाद उन्मुख रहेको जानकारी गराउँदै हाम्रो आवश्यकता र आकाङ्क्षासँग मेल खाने समाजवादको मोडेलको मजबुत आधार स्थापनाका लागि आफूहरू अगाडि बढिरहेको उल्लेख गरे ।

‘समाजवादलाई हाम्रो राष्ट्रिय आकाङ्क्षामा समेट्न ‘समृद्ध नेपाल, खुसी नेपाली’को नाराका साथ हामी आर्थिक समानता र सामाजिक भलाइमा समर्पित छौँ’, उनले भने ।

प्रधानमन्त्री ओलीले समग्र लोकतन्त्रको पूर्ण सम्भावनाको उपयोग गर्नका लागि ‘कसैलाई पनि पछाडि नछोड्ने’ उद्देश्यका साथ आफूरु अगाडि बढेको बताए ।

नेपाल र चीन बुद्ध र कन्फ्युसियसको भूमि रहेको उल्लेख गर्दै उनले दुवै देशबीच सुमधुर सहअस्तित्व र दीर्घकालीन मित्रताको लामो इतिहास रहेको बताए । उनले नेपाल एक चीन सिद्धान्तप्रति प्रतिबद्ध रहेको स्पष्ट पार्दै यसलाई सबै राजनीतिक दलहरूले समर्थन गरेको पनि बताए ।

‘राष्ट्रपति सी चिनफिङको दूरदर्शी पहलहरू जस्तै बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई)लाई साझा समृद्धि र ‘विन–विन’ सहकार्यको भावनाको प्रशंसा गर्छौँ’, प्रधानमन्त्री ओलीले भने । चीनको चमत्कारिक आर्थिक विकासबाट नेपालले पनि प्रेरणा लिन सक्ने उनको भनाइ थियो । रासस

# ‘विनाशबाट बच्न विकासको ढाँचा बदल्नुपर्छ’

**कर्णाली ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले विनाशको चपेटाबाट बच्न विकासको ढाँचा बदल्नुपर्ने बताएका छन् ।

नगर विकास कोषद्वारा बुधबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित ‘भूकम्प प्रभावित क्षेत्रका प्राविधिकलाई भवन संहितासम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम’को उद्घाटन गर्दै मुख्यमन्त्री कँडेलले अहिले भइरहेको जथाभावी विकासको ढाँचा बदल्न नसकिए विपत्तिको चपेटामा परिने बताए ।

उनले भने,‘अहिले भइरहेको विकासको ढाँचा बदल्न आवश्यक छ । जहाँ देख्यो त्यही माटो खन्ने र जमिन भत्काउने चलन चिन्ताको विषय हो ।’

सडक बनाउने नाममा अहिले भइरहेका यस्ता खालका गतिविधि रोक्न प्राविधिकको नै विशेष भूमिका हुने मुख्यमन्त्री कँडेलले बताए ।

विकासको आवश्यकताभन्दा रोजगारीलाई केन्द्रित बनाएर गरिने विकासको ढाँचाले धेरै गाउँ बस्ती जोखिममा परेको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले जनप्रतिनिधिले जहाँ भन्छन् त्यही जमिन भत्काउने कामलाई निरुत्साहित गर्न प्राविधिकलाई सुझाव दिए ।

उनले भने, ‘विकास कसरी गर्ने र त्यसको दीर्घकालीन असर के हुन्छ भन्ने विषयमा तपाई प्राविधिकले नै सही निर्णय गरेर जनप्रतिनिधिलाई उपयुक्त सुझाव दिने हो । यसलाई दीर्घकालीन र जोखिमरहित बनाउन यहाँहरूकै भूमिका रहन्छ ।’

सबै तहका सरकारसँग चाहिए जति रकम नभए पनि भइरहेको रकमको पनि उचित सदुपयोग नभएको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले भने, ‘हामीसँग चाहिएको जति पैसा त छैन तर भइरहेको बजेटबाट पनि प्राथमिकता र आवश्यकतामाथि धेरै ध्यान पुगेको देखिन्न ।’

कर्णाली प्रदेश विपद्को उच्च जोखिममा रहेकाले यहाँ बन्ने संरचना अरूभन्दा जोखिमरहित बनाउनेतर्फ प्राविधिकले ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट क्षतिग्रस्त संरचना पुनः निर्माणका लागि जाजरकोट र रुकुम पश्चिमका ३० इन्जिनियर सहभागी रहेका कोषका कार्यकारी निर्देशक विनोदप्रकाश पण्डितले जानकारी दिए । रासस

# सुशासन र सामाजिक न्यायका लागि नयाँ क्रान्ति आवश्यकः दाहाल

**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधामन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सुशासन र सामाजिक न्यायका लागि नयाँ क्रान्ति आवश्यक भएको बताएका छन् ।

गणतन्त्र सेनानी कोषले बुधबार काठमाडौँमा आयोजना गरेको ‘गणतन्त्र सेनानी सम्मान’ कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले भ्रष्टाचारका विरुद्ध, सामाजिक न्याय र आर्थिक समृद्धिका लागि अभियान थालिने बताए । संविधानसभामार्फत संविधान निर्माणका क्रममा आफ्नो पार्टीले फरक मतका रूपमा छाडेको प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको एजेण्डालाई अघि बढाइने घोषणा गर्दै अध्यक्ष दाहालले गणतन्त्रलाई जनताको व्यवस्था बनाउन निरन्तर लागिपर्ने बताए ।

नयाँ क्रान्तिका लागि विभाजित माओवादी धारलाई एकताबद्ध गर्दै आफ्नै एजेन्डा र पहिचानमा अघि बढ्ने उल्लेख गर्दै उनलेस्थानीय तहको उपनिर्वाचनमा एक्लै विजय प्राप्त गरेर त्यसको सुरुआत गरिसकिएको स्पष्ट पारे ।‘माओवादीले कसैको वैशाखी टेक्दैन, जनताको बलमा आफ्नो एजेण्डा र अभियान अघि बढाउँछ’, उनले भने ।

पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनले लामो सङ्घर्ष र बलिदानपछि गणतन्त्र स्थापना भएको उल्लेख गर्दै गणतन्त्रका उपलब्धि रक्षा गर्दै



अगाडि बढ्नुको विकल्प नभएको बताए । ‘विगतमा विभिन्न भूमिकामा लड्यौँ, अब गणतन्त्रको रक्षा गर्दै समाजवाद निर्माणमा एकताबद्ध भएर लाग्नुपर्छ’, उनले भने,‘जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिको रक्षाका लागि जस्तोसुकै भूमिका लिन तयार छु ।’

माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले क्रान्तिको एक चरण पूरा भएको उल्लेख गर्दै अबको सङ्घर्षको स्वरुप सुशासन र भ्रष्टाचारविरुद्ध केन्द्रित भएको बताए । विधि र पद्धतिका आधारमा पार्टी सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले पार्टीलाई पुनर्गठित गरेर लैजानुपर्ने आवश्यकता औँल्याए ।

माओवादी केन्द्रका नेता चक्रपाणि खनालले शोषित पीडित जनताका पक्षमा भएको माओवादी आन्दोलनको नेतृत्व अध्यक्ष दाहालले गरेको बताए ।

**अध्यक्ष दाहालसहित नेताहरू सम्मानित**

गणतन्त्र सेनानी कोषले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई सम्मान गरेको छ । गणतन्त्र स्थापनाको पक्षमा नेतृत्वदायि भूमिका निर्वाह गरेको भनी अध्यक्ष दाहालसहित पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन तथा माओवादी केन्द्रका नेताहरू वर्षमान पुन, जनार्दन शर्मा र चक्रपाणि खनाललाई सम्मान गरिएको हो ।

देशबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना, संविधानसभाको निर्वाचन, गणतान्त्रिक संविधान निर्माणलगायत कार्य गरेकामा उहाँहरूलाई सम्मान गरिएको कोषका अध्यक्ष सरल सहयात्रीले जानकारी दिए । कार्यक्रममा अध्यक्ष दाहालले गणतन्त्र प्राप्तिको आन्दोलनमा योगदान गर्ने गोपाल पाण्डे, सुरेन्द्र भुजेल, भक्तबहादुर थापा, वासु लामिछाने, ललित श्रेष्ठ, देवीप्रसाद ढकाल, माइला लामा, सुशीला थापा, सपना राना, मीना वाइवा पाख्रिन, सुनील पुलामी, जगबहादुर न्यासुर, बिमला बराइली, रेणुका चौलागाईलगायतलाई ‘गणतन्त्र सेनानी सम्मान’ प्रदान गरेका थिए । रासस

# चितवनमा रास्वपा कार्यकर्ता र प्रहरीबीच झडप

**चितवन ।**
चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ता र प्रहरीबिच झडप भएको छ । रास्वपा सभापति रवि लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनमा उत्रिएका उक्त पार्टीका कार्यकर्ता र प्रहरीबिच झडप भएको हो । झडपमा परेर आठ प्रहरी घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार प्रदर्शनकारीले सरकारी वकिलको कार्यालय जाने बाटो अवरुद्ध गर्न खोज्दा झडप भएको हो ।

प्रदर्शनकारीले ढुंगा प्रहार गर्न थालेपछि उक्त कार्य रोक्नका लागि अश्रुग्यास र पानीको फोहोरा प्रयोग गर्नुपरेको उनले बताए। घाइते प्रहरीको भरतपुर अस्पतालमा उपचार भइरहेको छ ।

‘प्रहरीले बल प्रयोग गरेको छैन । प्रदर्शनकारीले ढुंगा हान्दा प्रहरी घाइते भएका हुन्,’ प्रहरी उपरीक्षक मिश्रले भने । जिल्ला प्रहरी कार्यालयअगाडि सभापति लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनकारीले निषेधित क्षेत्र नाघेपछि सो कार्य रोक्न खोज्दा झडप भएको उनले जानकारी दिए ।

प्रदर्शनकारीतर्फ १६ जना घाइते भएको रास्वपा चितवनका सभापति कृष्ण भुसालले जानकारी दिए। घाइतेको भरतपुर सामुदायिक अस्पताल, नारायणी सामुदायिक अस्पताल, देव अस्पताललगायतका अस्पतालमा उपचार भइरहेको उनले बताए ।

रास्वपा सभापति लामिछानेको बयान सरकारी वकिलको कार्यालयमा जारी छ । यहाँको साहारा सहकारीका बचतकर्ताको रकम अपचलन गरेको आरोप लागेपछि प्रहरीले उनलाई बयानका लागि मंगलबार काठमाडौंबाट चितवन ल्याएको हो । साहारा सहकारीबाट १० करोड ८० लाख गोर्खा मिडियामा गएको आरोप लागेपछि उनलाई बयानका लागि चितवन ल्याइएको हो । रासस

# नेप्से २४ दशमलव १७ अङ्कले घट्यो

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक २४ दशमलव ९७ अङ्कले घटेर दुई हजार सात सय ५० दशमलव ८७ को बिन्दुमा कायम भएको हो ।
बुधबार तीन सय २० कम्पनीको दुई करोड तीन लाख ३२ हजार ६६ कित्ता शेयर ९६ हजार छ सय ७७ पटक खरिदबिक्री हुँदा नौ अर्ब १३ करोड २४ लाख ६८ हजार नौ सय छ रुपैयाँ बराबरको कारोबार भएको छ ।
जलविद्युत् समूह शून्य दशमलव ५९, उत्पादन तथा प्रशोधन शून्य दशमलव १४ र लघुवित्त शून्य दशमलव १२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी व्यापार समूह आठ दशमलव ७२ प्रतिशतले घटेको छ ।
बैंकिङ शून्य दशमलव ३४, विकास बैंक एक दशमलव ९४, वित्त एक दशमलव २४, होटल तथा पर्यटन शून्य दशमलव ४० र लगानी समूह शून्य दशमलव शून्य दुई प्रतिशतले घटेको छ । त्यस्तै जीवन बिमा एक दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव ३४, निर्जीवन बिमा शून्य दशमलव ३३ र अन्य समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ ।
खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।
कारोबार रकमका आधारमा आज सबैभन्दा बढी जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको ३० करोड ३० लाख ६९ हजार दुई सय २५ रुपैयाँको कारोबार भएको छ ।
कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको ११ लाख ९५ हजार नौ सय ८४ कित्ता शेयर किनबेच भएको छ । रासस

# एनपिएलमा काठमाडौँ र विराटनगर विजयी

**काठमाडौँ ।**
सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा काठमाडौँ गुर्खाजले कर्णाली याक्सलाई पराजित गरेको छ । बुधबारको खेलमा काठमाडौँले कर्णालीलाई तीन विकेटले पराजित गरेको हो ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरको खेलमा पाँच विकेट गुमाएर एक सय ४९ रनको योगफल बनायो । एक सय ५० रनको विजयी लक्ष्य काठमाडौँले १९ दशमलव तीन ओभरमा सात विकेट गुमाएर पूरा गर्‍यो । काठमाडौँ गुर्खाजका लागि सुमित महर्जनले अविजित ४० रन बनाए । उनले ३७ बल खेल्दै तीन चौका र एक छक्का हाने । यस्तै जेरार्ड एरास्मसले २८ बलमा ३८ रनको योगदान दिए । यसमा उनको तीन चौका र दुई छक्का सामेल थिए । यस्तै कप्तान करण केसीले १० बलमा दुई छक्का र दुई चौकाको मद्दतमा २८ रन बनाए । यसैगरी माइकल लेभिटले १९ बल खेल्दै दुई चौका र एक चौकासहित २२ रन बनाए ।
बलिङतर्फ कर्णाली याक्सका लागि सोमपाल कामी, नन्दन यादव, गुल्सन झा, जिशन मक्सुद र विपिन शर्माले एक एक विकेट लिए ।
यसअघि कर्णाली याक्सका लागि एक सय ४९ रनको योगफल बनाउने क्रममा शिखर धवनले अर्द्धशतकीय पारी खेले । उनले ५१ बलमा चार चौका र पाँच छक्काको मद्दतमा अविजित ७२ रनको योगदान दिए । यसैगरी चाल्डिक वाल्टनले १५ बलमा पाँच चौकाको सहयोगमा २१, बाबर हायातले १८ बलमा १३ रन, गुलशन झाले १९ बलमा एक चौकाको मद्दतमा १२ तथा जिशन मक्सुदले ११ बल खेल्दै एक चौकाको सहयोगमा १४ रन बनाए ।
यस्तै, त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा बुधबार सम्पन्न अर्को खेलमा विराटनगरले लुम्बिनीलाई दुई विकेट हराएको छ । यसअघि दुई खेलमा पराजित भएको विराटनगरको यो पहिलो जित हो ।
लुम्बिनी लायन्सले जितका लागि दिएको एक सय ९२ रनको लक्ष्य विराटनगरले १९ दशमलव पाँच ओभरमा आठ विकेट गुमाउँदै पूरा गरेको हो । विराटनगरको जितमा लोकेश बमले अर्धशतकीय पारी खेले । उनले ४७ बलमा ६ छक्का र तीन चौका प्रहार गर्दै सर्वाधिक ७१ रन बनाए । यस्तै, बसिर अहमदले ४०, मार्टिन गुप्टिलले २८, क्रिस सोलले १४ र दीपक बोहोराले नौ रनको योगदान दिए ।
बलिङतर्फ लुम्बिनीका लागि दुर्गेश गुप्ताले सर्वाधिक तीन विकेट लिए । यस्तै, रामोन सिमन्ड्स र सादबिन जफरले दुई दुई तथा विवेक यादवले एक विकेट लिए ।
त्यसअघि, टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ९१ रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ४६ रन बनाए । उनले २९ बलमा दुई छक्का र चार चौका प्रहार गरे ।
यस्तै, टम मूर्सले ३०, विवेक यादवले १९, अर्जुन साउदले १७, आशुतोष घिरैया र सादबिन जफरले समान १५÷१५ तथा सन्दीप जोराले १२ रन बनाए । लुम्बिनीले अतिरिक्त २९ रन पाएको थियो ।
बलिङतर्फ विराटनगरका लागि कप्तान सन्दीप लामिछाने, इस्मत आलम र राजेश पुलामीले एक क विकेट लिए । रासस

# नेपाल चिनियाँ लगानी भित्र्याउन तयार छः प्रधानमन्त्री

**बेइजिङ ।**
चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी ओलीले नेपाल सरकार चिनियाँ लगानी भित्र्याउन इच्छुक रहेको बताएका छन् ।
नेपाल उद्योग वाणिज्य महासंघ र चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड (सिसिपिआइटी)को आयोजना तथा चीनस्थित नेपाली दूतावासको समन्वयमा आयोजित कार्यक्रममा उनले नेपाल राजनीतिक स्थिरता र समृद्धिको युगमा प्रवेश गरिसकेकाले लगानीको वातावरण बन्दै गएको उल्लेख गरे । 'समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हामी लगानीका लागि सहजीकरण गर्छौं, लगानीको सुरक्षा गर्न प्रतिबद्ध छौँ,' प्रधानमन्त्री ओलीले भने। उनले चिनियाँ लगानीकर्तालाई प्राकृतिक रूपमा सुन्दर मुलुक नेपालको भ्रमण गर्न आग्रह गर्दै विभिन्न क्षेत्रमा लगानी गर्न आह्वान गरे ।
चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा चार दिवसीय भ्रमणका क्रममा प्रधानमन्त्री ओली यही मंसिर १७ गते यहाँ आएका हुन् । उनी भोलि बिहीबार स्वदेश फर्कने कार्यतालिका छ । रासस

# नेपाल र चीनबीच बीआरआई फ्रेमवर्कमा हस्ताक्षर



**बेइजिङ ।**
नेपाल र चीनबीच बेल्ट एण्ड रोड इनिसियिटभ (बिआरआई) सहकार्यको फ्रेमवर्कमा बुधबार सम्झौता भएको छ ।
बेइजिङमा भएको सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहदुर राई र चीनका तर्फबाट नेशनल डेभलपमेन्ड एण्ड रिफर्म कमिसनका उपाध्यक्ष लि सुशेले हस्ताक्षर गरेका हुन् ।
चीनका प्रधानमन्त्री ली छयाङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओली चीनको औपचारिक भ्रमणमा रहनुभएको तेस्रो दिन यो सम्झौता भएको हो । रासस

# 'दसौँ राष्ट्रिय खेलकुद फागुन अन्तिममा'

**कास्की ।**
युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले केही दिनभित्रै १० औँ राष्ट्रिय खेलकुदको नयाँ मिति घोषणा हुने बताएका छन् ।
पोखरा रंगशालामा बुधबार खेल क्षेत्रका विभिन्न व्यक्तिसँगको छलफलमा मन्त्री चौधरीले यसअघि मंसिरमा कर्णाली प्रदेशमा तय भएको प्रतियोगिता तयारीका लागि समय नपुगेको र केही पूर्वाधार निर्माणको काम बाँकी रहेकाले समयमै गर्न नसकिएको बताए । उनले आगामी फागुन अन्तिम साता गर्ने गरी तयारी गरिएको र शुक्रबार मिति घोषणा हुने जानकारी दिए ।
'खेल पूर्वाधार निर्माणको कार्य नसकिएकाले मंसिरमा राष्ट्रिय खेलकुद हुन सकेन। अब फागुन अन्तिम साता गर्ने लक्ष्य राखेका छौँ,' मन्त्री चौधरीले भने। पोखरामा खेलकुदका पूर्वाधार निर्माणका लागि आगामी वर्षको बजेटमा व्यवस्था गर्ने उनको भनाइ थियो ।
नेपालमा सन् २०२७ मा हुने यू–१९ महिला विश्वकप क्रिकेटका लागि पोखरामा समेत खेल सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न बजेट विनियोजन गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री चौधरीले उल्लेख गरे ।
अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को टोलीले सन् २०२७ मा हुने १९ वर्षमुनिको महिला विश्वकपका लागि केही दिनअघि पोखराको क्रिकेट मैदान निरीक्षण गरेको थियो । आइसिसीले खेल पूर्वाधार निर्माण भएको खण्डमा यहाँ खेलाउन सम्भव हुने जनाएको थियो ।
पोखरामा खेलकुदको धेरै सम्भावना रहेको र खेल पूर्वाधारसमेत अन्यत्रभन्दा राम्रो रहेकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न सम्भव हुने मन्त्री चौधरीको भनाइ थियो । रासस

# सुपर काबेली 'ए' जलविद्युत् आयोजनाको उत्पादन शुरु



**ताप्लेजुङ ।**
स्नो रिभर्स लिमिटेडले निर्माण गरेको १३ दशमलव पाँच मेगावाट क्षमताको सुपर काबेली 'ए' जलविद्युत् आयोजना औपचारिक रूपमा विद्युत् उत्पादन शुरु भएको छ ।
सिरिजङ्घा गाउँपालिका–८ याम्फुदिनस्थित आयोजनाको उत्पादन पाँचथरको हिलिहाङ गाउँपालिकामा रहेको नेपाल विद्युत् प्राधिकरणको एक सय ३२ केभिए क्षमताको अमरपुर सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो ।
आयोजनाको उत्पादन परीक्षण एक सातासम्म सञ्चालन गरी सफल भएपछि विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको आयोजनाका जनसम्पर्क अधिकृत मेघनाथ ढुङ्गानाले जानकारी दिए ।याम्फुदिनस्थित विद्युत् गृहबाट ३१ किलोमिटर दूरीमा रहेको अमरपुर सबस्टेसनसम्मको विद्युत् प्रसारण प्रणाली निर्माण सम्पन्न गरिएको छ ।
विसं २०७९ मङ्सिर अन्तिम सातादेखि सुरु भएको आयोजनाको निर्माण दुई अर्ब ६३ करोड २९ लाख रुपैयाँ लागतमा छोटो अवधिमै सम्पन्न भएको हो । सुपर काबेली 'ए' आयोजनाको निर्माण सम्पन्न भएसँगै ताप्लेजुङमा उत्पादन भइरहेको जलविद्युत् आयोजनाको संख्या आठ पुगेको छ ।
ताप्लेजुङमा हालसम्मका सबैभन्दा ठूला आयोजनामध्ये ७३ मेगावाट क्षमताको मध्य तमोर जलविद्युत् आयोजना प्रमुख हो ।
त्यसलाई सानिमा हाइड्रो कम्पनीले निर्माण गरेको हो । त्यस्तै, अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनीद्वारा सञ्चालित २५ मेगावाट क्षमताको काबेली 'बी–१' र १० मेगावाट क्षमताको काबेली 'बी–१' क्यासकेट आयोजना पनि यस क्षेत्रका महत्वपूर्ण आयोजना हुन् ।
इँवाखोला जलविद्युत् आयोजनामा नौ दशमलव नौ मेगावाट र माथिल्लो इँवाखोला आयोजनामा नौ दशमलव सात मेगावाट क्षमताको विद्युत् उत्पादन भइरहेको छ । यी आयोजना ताप्लेजुङ र पाँचथरको सिमानामा बग्ने इन्द्रावती खोलाबाट सञ्चालित छन् । पाथीभरा याङ्वरक गाउँपालिकास्थित फावाखोलामा युनिटेक हाइड्रोपावर कम्पनीद्वारा सञ्चालित पाँच दशमलव आठ मेगावाट र सिवानी हाइड्रोपावर कम्पनीद्वारा सञ्चालित पाँच मेगावाट क्षमताका आयोजनाबाट विद्युत् उत्पादन हुँदै आएको छ ।
ताप्लेजुङमा हाल डेढ दर्जनभन्दा बढी जलविद्युत् आयोजना निर्माणाधीन छन् । यी आयोजना सम्पन्न भएपछि जिल्लामा विद्युत् उत्पादन थप विस्तार हुने अपेक्षा गरिएको छ । रासस

# गाजाको निरीक्षण कसले गर्ने भन्नेबारे सम्झौता नजिक




**कायरो ।**
प्यालेस्टिनी अधिकारीहरूले हमास र फतह युद्धपछि गाजा क्षेत्रको व्यवस्थापन गर्न राजनीतिक रूपमा स्वतन्त्र प्राविधिक सदस्यहरूको कमिटी नियुक्त गर्न निकै नजिक रहेको बताएका छन् । यसले हमासको शासनलाई प्रभावकारी रूपमा अन्त्य गर्नेछ र इजरायलसँग युद्धविराम वार्तालाई अगाडि बढाउन मद्दत गर्नेछ ।
सन् २००७ मा गाजामा हमासले सत्ता कब्जा गरेपछि प्रतिद्वन्द्वी गुटहरूले मेलमिलाप गर्ने थुप्रै असफल प्रयासहरू गरेका छन् ।
यसैबीच इजरायलले गाजामा पश्चिमी समर्थित प्यालेस्टिनी प्राधिकरणमा प्रभुत्व जमाउने हमास वा फतहको कुनै पनि युद्धपछिको भूमिकालाई अस्वीकार गरेको छ ।
कायरोमा हप्तौँको वार्तापछि प्रारम्भिक सहमति भएको मङ्गलबार प्यालेस्टिनी सरकारका एक अधिकारीले पुष्टि गरेका छन् । अधिकारीले कमिटीमा १२÷१५ सदस्य हुने र तीमध्ये अधिकांश गाजाबाट हुने बताए ।
कमिटीले इजरायलद्वारा कब्जा गरिएको पश्चिमी किनारामा रहेको प्यालेस्टिनी प्राधिकरणलाई प्रतिवेदन दिनेछ र मानवीय सहायता र पुनर्निर्माणका लागि स्थानीय र अन्तर्राष्ट्रिय पक्षहरूसँग काम गर्नेछ ।
हमासका एक अधिकारीले हमास र फतहले सामान्य शर्तहरूमा सहमति जनाएका तर केही विवरण र कमिटीका सदस्यहरूका बारेमा अझै वार्ता जारी राखेको जानकारी दिए । सबै प्यालेस्टिनी गुटको कायरोमा बैठकपछि कुनै समयसीमा प्रदान नगरी सम्झौता घोषणा गरिने अधिकारीले बताए ।
इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले हमास ध्वस्त नभएसम्म र धेरै बन्धक फिर्ता नगरेसम्म युद्ध जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँका अनुसार इजरायलले गाजामा खुला सुरक्षा नियन्त्रण कायम राख्नेछ र क्षेत्रभित्र कोरिडोरहरू राख्न जारी राख्नेछ । बाँकीमा नागरिक मामिलाहरू प्यालेस्टिनी प्राधिकरण वा हमाससँग सम्बन्धित नभएका स्थानीय प्यालेस्टिनीद्वारा व्यवस्थापन गरिनेछ ।
कुनै पनि प्यालेस्टिनीले यस्तो भूमिकाका लागि सार्वजनिक रूपमा स्वयंसेवा गरेका छैनन् र हमासले इजरायली सेनालाई सहयोग गर्ने जो कोहीलाई धम्की दिएको छ ।
संयुक्त राज्य अमेरिकाले पश्चिम किनारा र गाजा दुवैलाई अन्तिम राज्यको दर्जा दिनुअघि शासन गर्न पुनर्जीवित प्यालेस्टिनी प्राधिकरणका लागि आह्वान गरेको छ । प्यालेस्टिनी राज्यको विरोध गर्ने इजरायली सरकारले कथित रूपमा संयुक्त अरब इमिरेट्स (युएई) सँग युद्धपछिको योजनाबारे छलफल गरिरहेको छ । युएईले सन् २०२० मा इजरायलसँग सम्बन्ध सामान्य बनाएको थियो र प्रतिद्वन्द्वी फतह गुटलाई समर्थन गरेको थियो ।
हमासका अधिकारीले उदाउँदो प्यालेस्टिनी सम्झौताले गाजामा हमासको शासनको अन्त्य गरेर इजरायलको युद्ध लक्ष्यहरू मध्ये एउटा पूरा गर्ने बताए । इजरायली अधिकारीहरूले यसलाई यसरी हेर्नेछन् कि छैनन् भन्ने स्पष्ट छैन ।
प्यालेस्टिनी प्राधिकरण र हमासबीचको एकताको अघिल्लो प्रयासहरू प्रायः दुई प्रतिद्वन्द्वीबीचको शक्तिको प्रतिस्पर्धाका कारण असफल भएका छन् र हाल भइरहेका वार्ताविरुद्ध फतहभित्र विरोधीहरू छन् । रासस

# चुरेमा बाँस रोप्न दातृ निकाय खोज्दै सरकार

**प्रगति ढकाल**
**काठमाडौँ ।**
चुरे क्षेत्रको संरक्षण तथा अर्थतन्त्र सुधारका लागि बाँसका विरुवा रोप्ने योजनासहित प्रस्ताव गरिएका दातृ निकायहरु फर्किएपछि सरकार नयाँ दातृ निकायको खोजीमा छ । चुरेमा बाँस रोप्न आवश्यक वित्त सहयोग उपलब्ध गराउन इच्छुक देखिएका दातृ निकायहरु लामो समयसम्म सहमति पाउन नसकेपछि फर्किएका थिए । राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समितिले नै वन तथा वातावरण मन्त्रालयबाट समयमा सहमति नआएपछि दाताहरूले आफ्नो प्रस्ताव फिर्ता गरेको जानकारी गराएको छ । समितिका अनुसार बाँस रोप्नका लागि चार अर्ब ८८ करोड ४० लाख (३७ मिलियन अमेरिकी डलर) अनुदान दिन फ्रान्सको दाता 'रिफरेस्ट एक्सन' तयार थियो । तर लामो समयसम्म सहमति पाउन नसकेपछि अनुदान उपलब्ध नगराउने भन्दै सन्देश पठाएको समितिले जनाएको छ ।



समितिका अध्यक्ष डा किरण पौडेलले पुराना दाता फर्किए पनि नयाँ दातासँग थप पैरवी भइरहेको जानकारी दिए । 'धेरै मेहनत गरेर हामीले बल्लबल्ल बाँस रोप्न लगानी गर्ने इच्छुक दाता भेटाएका थियौँ । परियोजनाको डिजाइन तयार भए पनि वन मन्त्रालयबाट परियोजना स्वीकृत नभएपछि लगानी नगर्ने भन्दै दाता फर्किएका हुन्', उनले भने, 'अब भने मन्त्रालय पनि चुरेमा बाँस रोप्न सकारात्मक छ, मन्त्रालयसँग सहकार्य गरेर हामीले नयाँ दाताको रुपमा एसियाली विकास बैंकसँग छलफल र पैरवी अगाडि बढाएका छौँ ।

उनका अनुसार एसियाली विकास बैंक (एडिबी) सँग चुरेमा बाँस रोप्न ३० मिलियन अमेरिकी डलर (करिब चार अर्ब सात करोड) रुपैयाँ आर्थिक सहयोगका लागि प्रस्ताव गरिएको छ । 'एडिबीले उपलब्ध गराउन लागेको उक्त रकममध्ये ५० प्रतिशत अनुदान र ५० प्रतिशत ऋण उपलब्ध गराउन खोजेको छ । कूल रकमको दुई तिहाइ अनुदान र एक तिहाइ मात्रै सहुलियत दरमा ऋण उपलब्ध गराउन हामीले पहल गरिरहेका छौँ', अध्यक्ष पौडेलले भने, 'नेपाल कार्बन व्यापारमा जाने तयारी गरिहेको छ । चुरेमा उत्पादन भएका बाँसले कार्बन उत्सर्जन न्यूनीकरण गरेवापत आर्थिक लाभ लिन सक्छ । कार्बन क्रेताको रुपमा विभिन्न निजी क्षेत्र इच्छुक देखिन सक्छन् ।'

पौडेलले मुलुकको पूर्र्वी क्षेत्रमा एक करोड बाँस र पश्चिम क्षेत्रमा एक करोड बाँस गरी दुई करोड बाँस राप्ने समितिको योजना रहेको बताए । उनका अनुसार उक्त बाँस रोप्ने परियोजनाका लागि आन्तरिक स्रोत पर्याप्त नहुने भएपछि वित्तीय सहयोगका लागि वैदेशिक दाताहरुसँग सहयोगको अपिल गरिएको हो ।

'चुरेको माटो संरक्षण गर्न, बाँसबाट स्थानीय रोजगारी वृद्धि तथा हरित अर्थतन्त्र सुधार गर्न, वातावरणीय संरक्षण तथा कार्बन उत्सर्जन कटौतीमा सहयोग गर्ने लक्ष्यका साथ समितिले बाँस रोप्ने तयारी गरेको हो', उनले भने, 'चुरेको माटो जोगाउन सकिएन भने भूक्षय तथा पहिरोका कारण त्यहाँ खानेपानीको स्रोत सुक्ने र चरम अभाव भोग्नुपर्ने समस्या उत्पन्न हुन सक्छ तसर्थ माटो बचाउन बाँसले सहयोग पुग्ने र बाँसले जमिनमुनि पानी रिचार्ज गरिरहन सहयोग पुग्ने छ ।'

बाँस रोपेपछि चुरेका खाली रहेका भूभागको सदुपयोग गर्दै अर्थतन्त्र विकासमा सहयोग पुग्ने उनले जानकारी दिए । पौडेलले दुई करोड बाँस रोप्नका लागि एक सय मिलियन अमेरिकी डलर आवश्यक रहेको जानकारी दिए । उनले भने, 'बाँस रोपेर पाँच वर्षमा प्रतिफल प्राप्त हुने भएकाले हरित अर्थतन्त्रमा सुधार आउने छ ।'

### चुरेमा बाँस रोप्दा हुने फाइदा

समितिको बोर्ड सदस्य डा सुस्मिता ढकालले बाँसले चुरेको वातावरण संरक्षण, आर्थिक आयआर्जन सुधार, रोजगारी वृद्धिमा सहयोग पुग्ने बताएका छन् ।

'बाँस छिटोछिटो वृद्धि हुने वनस्पति भएकाले हरियाली बढाउन प्रभावकारी र यसले हावा शुद्ध पार्न तथा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनमा सहयोग गर्छ', उनले भने, 'बाँसले विभिन्न प्रजातिका जनावरलाई वासस्थान प्रदान गर्छ, जसले जैविक विविधता जोगाउन र स्थानीय समुदायलाई रोजगारीका अवसर सिर्जना गर्दछ ।' बाँसबाट टोकरी, कुचो, फर्निचर, ढोका, खाट, र अन्य दैनिक सामग्री बनाउन सकिन्छ । घर बनाउने, झोलुङ्गे पुल र ग्रीन हाउस निर्माणमा यसको प्रयोग गर्न सकिन्छ ।

### चुरेमा बाँस उत्पादनः अभियान चलाउन आवश्यक

बाँसको विषयमा विद्यावारिधि गर्नुभएका पूर्व वन सचिव डा अन्नपूर्णनन्द दासले चुरे बचाउन बाँस उत्पादनलाई अभियानकै रुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिन्छन् । 'चुरे क्षेत्रको संरक्षणमा बाँस निकै उपयोगी वनस्पति हो, बाँस छिटो बढ्ने र धेरै पटक कटान गर्न मिल्ने वनस्पति भएकाले यो पुनःनवीकरणीय तथा वातावरणमैत्री वनस्पतिको रुपमा लिने गरिन्छ', उनले भने, 'बाँस पानी कम हुँदा पनि बाँच्न र हुर्कन सक्छ । बाँसको तामा स्वादिष्ट तरकारी तथा अचार जस्ता खाद्यपदार्थका रूपमा प्रयोग गरिन्छ । बाँसबाट कागज, कपडा, फाइबर र जैविक प्लास्टिक बनाउन र बाँसले ठूलो मात्रामा कार्बन डाइअक्साइड सोस्ने क्षमता राख्दछ ।'

दासले नेपालमा बाँसबाट बनाइने सामग्रीको माग उच्च रहेको र ग्रामीण क्षेत्रमा घरायसी सामानका लागि व्यापक प्रयोग गरिने बाँसको फर्निचर, हस्तकलाका सामग्री र औद्योगिक उत्पादनका लागि अन्तर्राष्ट्रिय बजारमा ठूलो माग रहेको बताए । उनले सरकार, निजी क्षेत्र र समुदाय मिलेर बाँस खेती प्रवर्द्धन गरेमा दीर्घकालीन लाभ प्राप्त गर्न सकिने धारणा राखे ।

### क्षयीकरण नियन्त्रण

भौगर्भिक रुपमा चुरे संवेदनशील क्षेत्र रहेकाले बाँसले चुरेमा बढ्दो क्षयीकरण नियन्त्रणमा सहयोग पुग्ने बताउँछन्, भू–गर्वविद् डा सुवोध ढकाल । 'बाँसको जराले माटोलाई समातेर राख्ने हुनाले चुरेमा हुनसक्ने क्षयीकरण नियन्त्रणमा सहयोग पुग्ने, पानी जमाएर जलस्रोतलाई दीर्घकालीन रूपमा संरक्षण गर्ने, जमिनमा पानीको रिचार्ज गराएर पानीको स्रोत संरक्षण हुन्छ', उनले भने, 'बाँसको बहुआयामिक महत्व छ, तर जथाभावी बाँस रोपिनु उचित हुँदैन ।
विस्तृत अध्ययन गरेर रोप्न उचित हुन्छ ।' जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले बाढी पहिरोजस्ता प्राकृतिक विपद्को जोखिम न्यूनीकरणका लागि बाँसले सहयोग गर्ने बताए । 'अरु भन्दा बाँस हलुका खालको वनस्पति हो ।
चुरेको माटो कमजोर रहेकाले ठूला बिरुवाले पहिरोको खतरा बढाउँछ । चुरेको माटो सुहाउँदो वनस्पति बाँस हो', उनले भने, 'साना मझौला उद्योग प्रवर्द्धनमा सहयोग गर्छ ।
चुरेमा बाँस र निगालो दुवै विरुवा रोपेमा हरियाली प्रवर्द्धन भइ पारिस्थतिकीय प्रणालीको सन्तुलन कायम गर्छ । जलवायु परिवर्तन न्यूनीकरणमा बाँसको भूमिका हुन्छ ।' उप्रेतीका अनुसार चुरे क्षेत्रमा भूक्षयका कारण नदीहरूमा बालुवा र गिट्टी जम्मा हुने समस्याले नदीको बहाव परिवर्तन गरी बाढीको जोखिम बढाउँछ । बाँस रोप्दा भूक्षय कम हुने, नदीजन्य प्रकोप नियन्त्रण गर्न सहयोग मिल्ने उनको भनाइ छ ।

### कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग

जलवायुविद् मञ्जित ढकाल बाँस उत्पादन बढाउँदा कार्वन उत्सर्जन कटौती गरी पृथ्वीमा बढ्दो तापमान बृद्धि रोक्न सहयोग पुग्ने बताउँछन् । 'बाँस दिगो विकासको आधार हो । यसको उत्पादन, प्रशोधन र उपयोगले पर्यावरणमा नकारात्मक असर गर्दैन, वातावरण र आर्थिक लाभ दिन्छ', उनले भने, 'नेपालले लिएको जलवायु नीति कार्यान्वयनमा बाँस खेती प्रवर्द्धनले सहयोग गर्छ ।' बाँस खेतीलाई दीर्घकालीन रूपमा प्रवद्र्धन गर्न तीनै सरकारबीच समन्वय, निजी क्षेत्र, र समुदायबीच सहकार्य अनिवार्य रहेको विज्ञहरुको सुझाव छ । रासस

# निःशुल्क डायलाइसिस सेवाः मिर्गौला रोगीका लागि वरदान

**पोखरा ।**
मिर्गौला रोगीहरूका लागि गण्डकी प्रदेश सरकारले प्रदान गरेको निःशुल्क डायलाइसिस सेवा वरदान साबित भएको छ । सरकारी प्रयासले महँगो र जटिल उपचार सर्वसाधारणको पहुँचमा पु¥याएपछि बिरामी लाभान्वित भएका हुन् । पोखरा महानगरपालिका–१६ लामाचौरकी पूर्णकुमारी गुरुङलाई अब बाँच्ने आश जागेको छ । पोखरास्थित लेखनाथको सरुवा तथा सङ्क्रामक अस्पतालमा डायलासिसको उपचारत गुरुङलाई अहिले निःशुल्क उपचार सेवाले सहज भएको हो । ज्यामी काम गर्ने श्रीमान्को कमाईले उपचार गर्न नसक्ने अवस्थामा पुग्नुभएकी गुरुङले यसअघि उपचारका लागि थुप्रै रकम ऋण गरेर खर्च गरिसकेको बताए ।

'धेरै अस्पताल पुगियो उपचारमा थुप्रै रकम खर्च भइसक्यो, अब उपचार गर्न सकिँदैन भनेर आश मरेर बसेका बेला सरकारले निःशुल्क डायलासिसले सुविधा दिएपश्चात् बाँच्ने आशा जागेको हो', गुरुङले भने, 'कति ऋण गरियो कति अलिअलि जोरजाम गरेको रकम थियो सबै सकियो, अहिले अलि अलि खर्च गर्न परे पनी ऋण खोज्न हिँड्नु परेको छैन ।' सोही अस्पतालमा आमाको उपचारका लागि आउनुभएका पोखरा–१४ चाउथेका व्याक्सी चालक राजकुमार खड्कीले पनि डायलिस सेवा निःशुल्क हुँदा धेरै सहज भएको बताए । उनले भने, 'उपचार निःशुल्क हुँदा ठूलो राहत मिलेको छ, दिनभर व्याक्सी चलाउँछु, कहिले दुई–चार हजार रुपैयाँ, कहिले पाँच–सात सय रुपैयाँमा चित्त बुझाउनु पर्छ, यस्तो कमाईले परिवार पाल्न र आमाको उपचार गर्न मलाई गाह्रो भएको थियो, अहिले सहज भएको छ ।' खड्कीले २०७७ सालमा आमालाई मिर्गौलामा समस्या देखिएपछि विभिन्न अस्पतालमा उपचार गराउँदै आएको बताए ।



पोखरा–१३ बाँझापाटनका तारानाथ बराल अहिले डायलासिस उपचार गराइरहेका छन् । विगत पाँच वर्षदेखि मिर्गौलाको समस्या झेलिरहेका बरालले निःशुल्क डायलासिस सेवा जनताको हितका लागि सरकारको सकारात्मक कदम भएको प्रतिक्रिया दिए । 'आर्थिक अभावले डायलासिस गर्न नसक्नेका लागि यो वरदानजस्तै भएको छ, म सन्तुष्ट छु, म जस्तै अरु पनि लाभान्वित भएका छन्', ७१ वर्षीय बरालले भने ।

विगत पाँच वर्षदेखि मिर्गौलाको समस्या खेपिरहेका बराल पोखराको पृथ्वीनारायण क्याम्पसबाट प्रोफेसरको अवकाश प्राप्त व्यक्ति हुन् । बरालले पेन्सनकै भरमा काठमाडौँका विभिन्न अस्पतालमा डायलासिस गराउँदै आएका थिए । निकै महँगो उपचार पद्धतिले आजित भएका बराल निःशुल्क सेवाबाट लाभान्वित भएको बताउँछन् ।

नियमित उपचार गरिहनुपर्ने र सर्वसाधरणको पहुँचभन्दा निकै महँगो उपचार मानिने मिर्गौला रोगलाई यो व्यवस्थाले वरदान सावित गरिदिएको गण्डकी प्रदेश सरकारका सचिव डा विनोद विन्दु शर्मा बताउँछन् । 'यो निकै खर्चिलो र सर्वसाधारणको पहुँचा बाहिरको उपचार पद्धति हो, सरकारले डायलासिसलाई निःशुल्क गरेसँगै यसका बिरामी लाभान्वित भएका छन्', उनले भने । उनले गण्डकी प्रदेशको मनाङ र मुस्ताङ बाहेकका जिल्लामा डायलासिस सुविधा रहेको बताए । गण्डकी प्रदेशमा हाल ४१ अस्पतालमा १६ डायलासिस युनिट सञ्चालनमा रहेका छन् । यी युनिटमार्फत एक हजार ८२ बिरामीले डायलासिस सेवा लिइरहेका छन् । तीमध्ये सात सय ८४ जना सक्रिय बिरामी रहेका छन्भने एक सय ३६ जना सेवा पर्खिरहेका छन् ।

डायलासिस सेवाका लागि एक सय ७२ मेसिन उपलब्ध भए पनि एक सय ३७ मात्र सञ्चालनमा छन् । चौतीस मेसिन बिग्रिएको अवस्थामा छन्भने एक मात्र 'ब्याकअप मेसिन' छ । यस्तै, एक सय ५२ सञ्चालनयोग्य शय्या रहेका छन् । दक्ष जनशक्तिका हिसाबले डायलासिस सेवामा आठ नेफ्रोलोजिस्ट, नौ एमडिजिपी (तीन तालिम प्राप्त), २६ मेडिकल अफिसर (सात तालिम प्राप्त), एक सय १९ स्टाफ नर्स (८३ तालिम प्राप्त), १० बायोमेडिकल प्राविधिक (आठ तालिम प्राप्त) र ४० सहायक (२१ तालिम प्राप्त) कार्यरत छन् । शर्माका अनुसार एकजना बिरामीले प्रत्येक हप्ता दुईपटक डायलासिस गर्नुपर्छ । महिनामा आठदेखि केही बिरामीलाई १२ पटकसम्म गर्नुपर्ने हुन्छ । त्यसको महिनाको खर्च ८० हजार रुपैयाँसम्म पर्न जान्छ । गण्डकी प्रदेशमा सङ्क्रामक तथा सरुवा रोग अस्पताललाई सरकारी तालिम केन्द्रका रूपमा विकसित गर्दै डायलासिससम्बन्धी तालिम प्रदान गर्ने आफ्नै केन्द्र स्थापना गर्ने रणनीति अघि बढाइएको र यसले प्रदेश स्वास्थ्य सेवा सुधारमा ठूलो टेवा पुग्ने विश्वास लिइएको उनको भनाइ छ । लेखनाथस्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालका कार्यकारी निर्देशक डा विकास गौचनले मिर्गौला बिरामी निःशुल्क उपचारबाट निकै लाभान्वित भएको बताए । 'यो महँगो उपचार पद्धति सरकारले निःशुल्क गरेदेखि बिरामीलाई राहत मिलेको छ', उनले भने । उनका अनुसार उक्त अस्पतालमा हाल २४ डायलासिस मेसिन र १७ शय्या उपलब्ध छन् ।
एकैपटक १६ मेसिनले सेवा दिनसक्ने व्यवस्था छभने बाँकी मेसिन 'ब्याकअप'का रूपमा राखिएका छन् । त्यसले सेवा निरन्तरता सुनिश्चित गर्न मद्दत गर्ने उनले बताए । उक्त अस्पतालमा दैनिक औसत ३१ जना बिरामीले डायलासिस सेवा लिइरहेका छन् । अस्पतालमा हाल ८६ जना बिरामी सूचीकृत छन् भने गत महिनामात्रै ६ सय ३० पटक डायलासिस सेवा प्रदान गरिएको डा गौचनले जानकारी दिए । दक्ष जनशक्तिको अभावले सेवा विस्तारमा केही चुनौती खडा गरेको उनको भनाइ छ । उनले डायलासिस सेवा मात्र नभई मिर्गौला रोगको रोकथाम तथा सचेतनामा पनि सक्रिय रहेको बताए । 'जीवनशैली सुधार, नियमित स्वास्थ्य परीक्षण र उचित परामर्शले मिर्गौलासम्बन्धी समस्याबाट बच्न सकिन्छ भन्ने सन्देश हामीले जनमानसमा पु¥याउँदै आएका छौँ', गौचनले भने ।

गण्डकी प्रदेशको स्वास्थ्य सेवासम्बन्धी जानकारीअनुसार प्रदेश सरकारले सन् २०२० देखि डायलासिस सेवा निःशुल्क उपलब्ध गराउने निर्णय गरेको थियो । मिर्गौला रोगबाट पीडित बिरामीको उपचार लागत घटाउनु र सर्वसाधारणलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउनु यसको मुख्य उद्देश्य रहेको छ । पोखरा–३० स्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा २०७९ असार ९ गतेदेखि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवासमेत शुरु भएको छ । अहिलेसम्म १३ जनाको सफल मिर्गौला प्रत्यारोपण भइसकेको प्रतिष्ठानका सूचना अधिकारी सुशीलकुमार अर्यालले जानकारी दिए । रासस

# ‘अपाङ्गमैत्री कानुन निर्माणका लागि प्रदेश सरकारले काम गर्ने’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अपाङ्गमैत्री कानुन निर्माणका लागि प्रदेश सरकारले काम गर्ने बताएका छन् ।



बुधबार जनकपुरधाममा आयोजित ३३ औँ अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा राष्ट्रिय अपाङ्ग महासङ्घ मधेश प्रदेश तथा ‘डिसेवलिटी राईट्स फण्ड’को सहयोगमा अपाङ्गता भएका मधेशी महिलाहरूको प्रथम प्रादेशिक सम्मेलनको उद्घाटन गर्दै उनले मधेश प्रदेश सरकारले बनाउने हरेक संरचना अपाङ्गमैत्री हुने बताएका हुन् ।

प्रदेश सरकारले अपाङ्गमैत्री संरचनाको निर्माण शुरु गरिसकेको बताउँदै उनले हाल विभिन्न ठाउँमा बनिरहेका शौचालयमा एक/एक वटा अपाङ्गमैत्री कक्षसहितको शौचालय बनाउन थालिएको जानकारी दिए ।

राष्ट्रिय अपाङ्ग पुनःस्थापना केन्द्र नेपाल महोत्तरीका जिल्ला अध्यक्ष वीणा चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बारा जिल्लाका महिला अपाङ्ग गोदावरी साह, सलमा खान, राष्ट्रिय अपाङ्ग महासङ्घ मधेश प्रदेश प्रदेशका अध्यक्ष किरण पासवानले आफ्ना धारणा राखेका थिए ।

पछिल्लो राष्ट्रिय जनगणनाअनुसार मधेश प्रदेशका ९१ हजार सात सय १९ जना अपाङ्गमध्ये करिब ५० प्रतिशत महिला अपाङ्ग हुने राष्ट्रिय अपाङ्ग महासङ्घ मधेश प्रदेशका अध्यक्ष किरण पासवानले जानकारी दिए ।
विश्व स्वास्थ्य सङ्गठन र विश्व बैंकले सन २०११ मा प्रकाशित गरेको अपाङ्गतासम्बन्धी विश्व प्रतिवेदनअनुसार संसारको कूल जनसंख्याको १५ प्रतिशत मानिसहरू कुनै न कुनै रूपमा अपाङ्गताको अवस्थामा बाँचिरहेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडिपी) का अनुसार अपाङ्गता भएका व्यक्तिहरू कूल जनसंख्याको ८० प्रतिशत विकासोन्मुख देशहरूमा
छन् ।
विश्व बैंकका अनुसार विश्वका अति गरिब मानिसमा २० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू पर्दछन् ।

# न्यायमा बाधा पुग्ने कानुनी अफ्ठ्याराहरु फुकाइन्छः मन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले जनतालाई न्याय दिन बाधा पुग्ने कानुनी अफ्ठ्याराहरु फुकाइने बताएका छन् । मधेश प्रदेशको राजधानी जनकपुरधाममा बुधबार भएको प्रदेशस्तरीय कानुनी सहायता सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री चौरसियाले आफ्नो कार्यकालमा संविधानमा देखिएको कमी कमजोरीहरु फुकाएर अघि बढ्ने प्रतिवद्धता जनाए । उनले लोकतान्त्रिक व्यवस्थामा जनतालाई न्याय दिन अफ्ठ्यारो भएका ठाउँहरुमा संविधान संशोधन हुने जिकिर




गरे । नागरिकलाई सहज बनाउनका लागि कानुन संशोधन हुने र विधेयक ल्याइने बताए । कानुनमन्त्री चौरसियाले अहिलेको व्यवस्थामा समस्या र चुनौति भएपनि समाधानको उपाय उच्च नैतिक मूल्यका साथ खोज्नुपर्ने बताए ।

# भोजपुरी प्रतिष्ठान वीरगंजको कार्य समिति पुनर्गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
भोजपुरी प्रतिष्ठान वीरगंजको कार्य समिति पुनर्गठन गरिएको छ । अनिता साहको अध्यक्षतामा सात सदस्यीय समिति पुनगर्ठन गरिएको हो । समितिको सदस्यहरुमा आमोद प्रसाद गुप्ता, सलमा खातुन, सर्वजीत पासवान, मुकेश महतो नुनीया, अमित अग्रवाल र अजय चौरसिया रहेका छन् । सल्लाहकारमा भाषा आयोगका अध्यक्ष गोपाल ठाकुर, भाषा आयोगका सदस्य गोपाल अश्क, वरिष्ठ पत्रकार चन्द्रकिशोर झा, भोजपुरी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य एवम् वरिष्ठ साहित्यकार दिनेश गुप्ता, वरिष्ठ साहित्यकार प्रमोद पाण्डे रहेका छन् ।
भोजपुरी प्रतिष्ठान वीरगंजका संस्थापक अध्यक्ष एवम् साहित्यकार उमाशंकर द्विवेदीको गत २०७९ चैत १७ गते निधन भएपछि प्रतिष्ठानको गतिविधि निष्कृय भएको थियो । वीरगंजका महानगर प्रमुख राजेशमान सिंहको प्रयासमा प्रतिष्ठानलाई पुनःसक्रिय बनाउन नयाँ कार्यसमिति पुनर्गठन गरिएको हो । वीरगंज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णको अध्यक्षता तथा महानगरका मेयर सिंहको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पुनर्गठित समितिका अध्यक्ष र सदस्यहरुलाई बुधबार एक कार्यक्रमकाबीच मनोनयन गरिएको पत्र वितरण गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै महानगर प्रमुख सिंहले भोजपुरी भाषा, संस्कृति र साहित्यलाई उजागर गर्ने तथा जनजनको मनमनमा पुर्याउने र विकास गर्दै एउटा छुट्टै पहिचान बनाउने उद्देश्यले भोजपुरी प्रतिष्ठानको ठूलो भूमिका हुन सक्ने बताए । उनले भोजपुरी भाषा, संस्कृति झल्काउने संग्राहलय समेत स्थापना गर्ने आफ्नो योजना रहेको सुनाए ।
कार्यक्रममा महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत कर्णले स्थानीय भाषाको विकासका लागि स्थानीयकै भूमिका महत्वपुर्ण रहेको बताए ।

# ३५ लाख क्विन्टल उखु क्रसिङ लक्ष्य

**मधेशदृष्टि**
**सर्लाही ।**
हरिवन नगरपालिका–११ स्थित इन्दुशंकर चिनी उद्योगले डोङ्गा पूजा गरी चालू सिजनको उखु क्रसिङ शुरु गरेको छ । सर्लाही क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य एवम निवर्तमान रक्षामन्त्री हरि उप्रेतीको प्रमुख आतिथ्यतामा बुधबार डोङ्गा पूजा गरी चालू सिजनको उखु क्रसिङ शुरु गरिएको इन्दु शंकर चिनी उद्योगका उखु प्रबन्धक योगनारायण रजकले जानकारी दिए । उनका अनुसार, चालु सिजनमा उद्योगले ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको छ । उखु उत्पादक किसानलाई समयमै भुक्तानी गरेर नेपालकै चिनी उद्योगमध्ये फरक पहिचान बनाउन सफल इन्दु शंकरले गतवर्ष २९ लाख क्विन्टल भन्दा बढी उखु क्रसिङ गरेको प्रशासन शाखा प्रमुख ठाकुर नेपालले बताए । उनका अनुसार, जिल्लामा उत्पादन भएको उखु अन्य जिल्लामा नगए उद्योगले राखेको लक्ष्य पूरा हुने छ ।
गतवर्षको तुलनामा यसवर्ष करिब छ लाख क्विन्टल बढी उखु क्रसिङ गर्ने उद्योगले लक्ष्य राखेको छ । यसवर्ष सरकारले उखुको मूल्य पाँच सय ८५ रुपैयाँ प्रतिक्विन्टल कायम गरेको छ भने अनुदानबापतको मूल्य तोक्न बाँकी रहेको नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनालीले बताए । उनका अनुसार गतवर्षको उखुको मूल्यमा सरकारले २० रुपैयाँ प्रतिक्विन्टल बढाएको हो ।
सर्लाहीमा गतवर्ष करिब २४ हजार हेक्टरमा भएको उखुखेतीमा करिब ७२ लाख क्विन्टल उखु उत्पादन भएको थियो भने यसवर्ष करिब १३ हजार हेक्टरमा उखु खेती भएको र करिब ४० लाख क्विन्टल उखु उत्पादन हुने इन्दुशंकर चिनी उद्योग हरिवनका कृषि प्राविधिक सुरज खनालले बताए । उनका अनुसार, उखु उत्पादक किसानले समयमै भुक्तानी नपाउनु र मकैको मूल्य बढेका कारण जिल्लामा उखु खेती घटेको हो । सर्लाहीमा रहेका तीन चिनी उद्योगमध्ये अन्नपूर्ण चिनी उद्योग र महालक्ष्मी चिनी उद्योग यसअघि नै सञ्चालनमा छन् ।

# ई–रिक्सा दुर्घटना हुँदा ४ जना घाईते

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ४ गण्डक चोकमा ई–रिक्सा दुर्घटना हुँदा ४ जना घाईते भएका छन् । वीरगंजबाट कलैया तर्फ जाँदै गरेको ४ जना सवार ई–रिक्सा बुधबार बिहान अनियन्त्रित भएर दुर्घटनामा परेको हो । दुर्घटनामा परेर ई–रिक्सामा सवार काठमाडौँ टोखा नगरपालिका १२ बस्ने ३८ वर्षिया अनु भट्टराई, २९ वर्षकी सर्मिला न्यौपाने, ३२ वर्षिया पूजा सुवेदी घाइते भएकी छन् । अनुको दाहिने खुट्टामा चोट लागेको छ । सर्मिलाको दाहिने औंला र टाउकोमा चोट लागेको छ भने पूजाको टाउको र घाँटीमा चोट लागेको ईलाका प्रहरी कार्यालय प्रसौनी बाराले जनाएको छ ।
सवारी चालक वीरगंज महानगरपालिका वडा नम्बर १२ निवासी ५७ वर्षिय सरिफ महमद समेत घाईते भएका बारा प्रहरीले जनाएको छ । घाईते सबैको उपचार गण्डक स्थित एलएस न्युरो हस्पिटलमा भईरहेको छ । घाईते सबैको स्वास्थ्य अवस्था समान्य रहेको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन् । ई–रिक्सा भने ईलाका प्रहरी कार्यालय प्रसौनीको नियन्त्रणमा रहेको बारा प्रहरीले जनाएको छ ।

# रौतहटको ७ स्थानमा गढीमाई मेलाको आयोजना

**सञ्जय मिश्रा**
**रौतहट ।**
विश्व प्रसिद्ध बाराको बरियारपुरमा लाग्ने पञ्चवर्षीय गढीमाई मेलाकै तिथि मितिमा रौतहटको छुट्टाछुट्टै ७ स्थानमा गढीमाई मेलाको आयोजना गरिएको छ । सैयौं बर्षदेखि बरियारपुरमा गढीमाई मन्दिरमा मात्र लाग्दै आएको पञ्चवर्षीय मेला २०७४ को स्थानीय निकायको निर्वाचन पछि बिस्तार भएको हो । स्थानीय निकायको प्रमुखको पहलमा पालिकाबाट लगानी गर्न थालेपछि अहिले रौतहटको ७ स्थानमा गढीमाई मेलाको आयोजना गरिएको छ । कटहरिया नगरपालिकाको २ स्थान, गुजराको १ स्थान, माधव नारायणको १ र गढीमाई नगरपालिकाको ३ गरी यस पटक जिल्लाको ७ स्थानमा गढीमाई मेलाको आयोजना गरिएको छ । कटहरियाका मेयर अजय प्रकाश जैसवालको पहलमा वडा ६ दुधियाभार, वडा ४ का अध्यक्ष चन्दन कुशवाहाको पहलमा बलरामपुरस्थित गढीमाई मन्दिरमा गत १७ गते आइतबारदेखि मेला लागेको छ । त्यस्तै मेयर सन्तलाल चौधरी र मेयर प्रत्यासी पलट चौधरीको पहलमा गुजरा नगरपालिका कनकपुरस्थित गढीमाई मन्दिरमा गत आइतबारदेखि मेलाको आयोजना गरिएको छ । मेयर श्याम प्रसाद यादवको पहलमा गढीमाई नगरपालिकाको तीन स्थानमा रहेको गढिमाई मन्दिरमा मेला




लागेको छ। बलुवा, सुन्दरपुर, मदनपुर हरैयास्थित गढीमाईको मन्दिरमा धुमधामका साथ मेला लागेको हो । त्यसैगरी मेयर बैजु प्रसाद यादवको पहलमा माधव नारायण नगरपालिकाको माधोपुरस्थित गढीमाईको मन्दिर अगाडी मेला लागेको छ। गुजरा ४ स्थित गढीमाई मन्दिरमा यस वर्षको वार्षिक मेला १७ मंसिरदेखि शुरु भएको छ । मेला २५ मंसिरसम्म सञ्चालन हुने र मेलामा धार्मिक अनुष्ठानसँगै विभिन्न मनोरञ्जनात्मक कार्यक्रम पनि आयोजना गरिएको मेला समितिका अध्यक्ष पलट चौधरीले बताए । करिब १७ वर्षअघि गुजरा ४ स्थीत चौरमा इट्टाभट्टा सञ्चालन गरेका गगनदेव साहको कारोबारमा आएको समस्या देवीको पूजापाठ पछि समाधान हुँदा उक्त स्थानमा गढीमाई मन्दिरको स्थापना गरिएको थियो । गगनदेवले ईँटा पकाउने क्रममा बारम्बार समस्या आउन थालेपछि स्थानीय धामी देवीलाल चौधरीको सल्लाह अनुसार विश्व प्रसिद्ध बरियारपुरको गढीमाई मन्दिरका मूल तान्त्रिक दुखन धामीलाई भेटेका थिए । मूल तान्त्रिक धामीको सुझाव अनुसार उक्त स्थानमा गढीमाईको बहिनीको बासस्थान रहेको भन्दै सानो मन्दिर निर्माण गरिएको थियो । मन्दिर निर्माणपछि स्थानीय समन्वय र प्रदेश सरकारको लगानीमा गढीमाई मन्दिरलाई विस्तार गरिएको थियो । जनता समाजवादी पार्टीका तत्कालीन केन्द्रीय उपाध्यक्ष तथा नेपाल प्रहरीका पूर्व आईजीपी प्रदीप शमशेर जबराले शिलान्यास गरेको बिस्तारित गढीमाई मन्दिरको निर्माणपछि तत्कालिन प्रदेश भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनलले उद्घाटन गरेका थिए । मेला समितिका अध्यक्ष पलट चौधरीका अनुसार मेलामा मंसिर २० मा टिकटक स्टार प्रीति पासवानको प्रस्तुति, २१ र २२ मंसिरमा सांगीतिक नृत्य कार्यक्रम, २३ मंसिरमा राँगा बलि र मंसिर २४ मा बोका बलि हुनेछ । २५ मंसिरमा मेला विधिवत् रूपमा सम्पन्न हुनेछ । भक्तजनहरूले आफ्नो भाकल पूरा भएपछि राँगा, बोका, परेवा लगायत बलि चढाउने गर्दछन् । विश्व प्रसिद्ध गढीमाई मन्दिरका मूल तान्त्रिक उमाशंकर धामी नै कनकपुर गढीमाई मन्दिरको मूल तान्त्रिक रहेका छन् । उनले बारा गढीमाई सरह यहाँको गढीमाई मन्दिरमा आफनो शरीरको पाँच स्थानबाट निकालिएको रगत नर बलिको रूपमा चढाएपछि मात्र बलि शुरु हुने समिति अध्यक्ष चौधरीले जानकारी दिएका छन् । कनकपुर गढीमाई मन्दिरमा हुने विधिवत तान्त्रिक पूजा सरह जिल्लाको सात वटै मन्दिरमा पूजा गरिन्छ । विधिवत पूजा पछि जिल्लाको सातै गढीमाई मन्दिरमा बरियारपुरको गढीमाई मन्दिरमा हुने तिथी मैं बली दिइन्छ ।

# डोंगफेंगको प्रिमियम ईभी ‘नामी’ सार्वजनिक




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालमा डोंगफेंग विद्युतीय सवारीसाधनको आधिकारिक वितरक एमएडब्लू वृद्धिले मधेश प्रदेशको वीरगंजमा आफ्नो नयाँ र अत्याधुनिक विद्युतीय गाडी ‘नामी’ सार्वजनिक गरेको छ ।
मङ्गलवार वीरगंजको भिस्वा होटलमा आयोजित भव्य कार्यक्रमकाबीच पूर्व प्रधानमन्त्री एवम् नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले नामी सार्वजनिक गरेका हुन् । साथै एमएडब्लू वृद्धि मोटर्सका प्रबन्ध निर्देशक विवेक सिकारिया, भारतका पूर्व राज्यसभा सदस्य सबिर अली, नारायणी अटोकर्पका अध्यक्ष रवी बजाज, डोंगफेङ वीरगंज नारायणी अटोकर्पका प्रबन्ध निर्देशक रजत बजाज लगायत विशिष्ट व्यक्तिहरूको उपस्थितिमा नामीको अनावरण गरिएको हो ।
‘नामी’ ले मधेश प्रदेशको विद्युतीय गाडी बजारमा नयाँ मापदण्ड कायम गर्ने लक्ष्य लिएको छ । यसको ठूलो आकार, विस्तृत चौडाइ र अत्याधुनिक सुविधाहरूले यो गाडीलाई आफ्नो श्रेणीमा अग्रस्थानमा राख्छ ।
गाडीको भित्री सजावटमा फ्रेमलेस डुअर, वेलकम सिट, मेमोरी सिट, अटो पार्किङ, र फ्लस डुअर ह्यान्डलजस्ता प्रविधिहरू समावेश छन् । साथै, यसले १२.८ इन्चको टचस्क्रिन, ३६० डिग्री क्यामेरा, एडाप्टिभ क्रुज कन्ट्रोल र सेग्मेन्ट–फर्स्ट सुविधाहरू जस्तै भेन्टिलेटेड र तातो सिटहरू पनि प्रदान गर्दछ ।
पूर्व प्रधानमन्त्री एवम् नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले गाडीको अनावरण गर्दै नेपालमा विद्युतीय गाडीहरूको भविष्य उज्ज्वल रहेको बताए । वातावरणमैत्री सवारीसाधनहरूको प्रयोगले प्रदूषण न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास पनि उनले व्यक्त गरे । उनले नेपालमा विद्युतीय सवारीसाधनहरूको प्रवद्र्धनलाई तीव्रता दिनुपर्नेमा जोड दिए । नामी तीन भेरियन्ट (ई१, ई२ र ई३) मा उपलब्ध छ ।
ग्राहकहरूको रुचि अनुसार सेतो, नीलो, हरियो र बैजनी रङहरू साथै डुअल टोन विकल्प पनि छन् । यसमा लेभल २ एडीएएस, स्टार–लाइट क्रिस्टल एलईडी हेडलाइट, फ्ल्याट–फोल्डिंग सिट, र बहु–रङ एम्बियन्ट लाइटिङजस्ता सुविधाहरूले यसलाई उत्कृष्ट बनाएको छ । एमएडब्लू वृद्धिले वीरगञ्जमा डोंगफेंग र सेरेस विद्युतीय सवारीसाधनको नयाँ शोरुम सञ्चालनमा ल्याउने तयारी गरेको छ । साथै, मङ्सिर १९ देखि २१ गतेसम्म मधेश प्रदेशकै सबैभन्दा ठूलो एक्सचेन्ज र टेस्ट ड्राइभ क्याम्प आयोजना गरिने नारायणी अटोकर्पका प्रबन्ध निर्देशक रजत बजाजले जानकारी दिए । उनकाअनुसार यस अवसरमा ग्राहकहरूले विद्युतीय सवारीसाधनहरूको विस्तृत अनुभव लिँदै विशेष अफरहरू प्राप्त गर्न सक्नेछन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन